## आर्थिक वर्ष २०७५।०७६ को

# धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम


## नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।



असार २५, २०७५

# आर्थिक वर्ष २०७५।०७६ को

# धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम

नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

असार २५, २०७५

# आर्थिक वर्ष २०७५।०७६ को
# धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम

**सर्वाधिकार** : नेपाल धितोपत्र बोर्डमा निहित ।

**मुद्रक** : प्रिन्ट एण्ड आर्ट सर्भिस
बागबजार, काठमाडौं ।
फोनः ०१-४२४४४१९, ४२३९१५४

**प्रकाशक**

**नेपाल धितोपत्र बोर्ड**
सुपरिवेक्षण तथा अनुसन्धान विभाग
नीति अनुसन्धान तथा योजना महाशाखा
जावलाखेल, ललितपुर
फोन नं. ०१–५५४१०५७, ५०००२०१, फ्याक्स नं.: ०१–५५४१०५८
वेबसाइटः http://www.sebon.gov.np
ई–मेलः support@sebon.gov.np

नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

# प्राक्कथन

धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले प्रत्येक वर्ष तर्जुमा तथा कार्यान्वयन गर्दै आएको नीति तथा कार्यक्रमलाई रजत जयन्ती वर्षको अवसरमा आव २०७४।७५ देखि प्रकाशन शुरुवात गरेकोमा यसलाई अझ परिमार्जन गरी **आव २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम** पहिलो पटक चालु आव अर्थात २०७५ आषाढ भित्रनै प्रकाशन गर्न लागेको छ । यस नीति तथा कार्यक्रमलाई यो वर्षदेखि दुई भागमा प्रस्तुत गर्दै भाग १ मा समीक्षा वर्ष २०७४।७५ को धितोपत्र बजार र बोर्डको नीति तथा कार्यक्रमको प्रगति समीक्षा गरिएको छ भने भाग २ मा आगामी आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी बोर्डको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । साथै यसमा बोर्डको विकासात्मक कार्यक्रमहरुलाई विभिन्न सात उप-शीर्षकमा स्पष्ट हुने गरी नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र उद्देश्य तथा लक्ष्यहरुलाई समेत समावेश गरिएको छ ।

आव २०७४।७५ को नीति तथा कार्यक्रममा लक्षित अधिकांश नीति तथा कार्यक्रमहरु सम्पन्न भएका छन् । यसरी सम्पन्न भएका नीति तथा कार्यक्रमहरुमा वस्तु विनिमय बजार सम्बन्धी ऐन तथा नियमावली, २०७४ ल्याई यस बजारलाई बोर्डको नियमनको दायरामा ल्याइएको, धितोपत्र दलाल व्यवसायीको सुपरिवेक्षणलाई सुदृढ गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी पहिलो पटक दुई धितोपत्र दलाल व्यवसायी प्रत्येकलाई रु १० लाख जरिवाना गरिएको, आस्वा अनिवार्य गरी ७७ जिल्लामा नै प्राथमिक बजार सेवा उपलब्ध गराईएको, सूचिकृत संस्थामा सुशासन कायम गर्न "सूचिकृत संगठित संस्थाहरुको सुशासन सम्बन्धी निर्देशिका, २०७४" जारी गरिएको, देशभर व्यापकरुपमा लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम एवं जिल्ला र उच्च अदालतका न्यायधीश तथा कानून व्यवसायीसँग अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिएको, बोर्डको रजत जयन्ती वर्षको अवसरमा रजत जयन्ती वर्ष स्मारिका, पूँजी बजार साक्षरता र धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी विशेष कानून सँग्रह, २०७५ सहित विभिन्न पुस्तकहरु प्रकाशन गरिएको छ ।

बोर्डले आगामी आव २०७५।७६ को नीति तथा कार्यक्रम मुख्यत : देहायका आधारहरुलाई दृष्टिगत गरी तर्जुमा गरेको छ : (१) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्य, (२) नेपाल सरकारका वित्तीय क्षेत्र विकास रणनीति, (३) नेपाल सरकारको १४ औं योजना, (४) वस्तु विनिमय बजारसम्बन्धी ऐन तथा यससम्बन्धी नियमावली, २०७४, (५) चालू आवको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, (६) पहिलो पूँजी बजार प्रदर्शनी, देशव्यापीरुपमा संचालन गरिएका लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम, आगामी वर्षको नीति तथा कार्यक्रम र अन्य सम्बन्धित विषयमा सरोकारवालाहरुसँगको छलफल/अन्तरक्रिया तथा प्राप्त सुझाव, (७) देशको वर्तमान प्रादेशिक संरचना र बजार नियमनसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरु ।

*Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone: 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No.: 5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np*

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal

(Established by the Government of Nepal under Securities Act)


प्रस्तुत २०७५।७६ नीति तथा कार्यक्रमले नेपालको धितोपत्र बजार र वस्तु विनिमय बजारलाई विकास तथा विस्तार गर्दै स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई सर्वसाधरणका पहुँच बढाउने उद्देश्य लिई विभिन्न लक्ष्यहरुसमेत तोकेको छ । आव २०७५।७६ को विकासत्मक नीति तथा कार्यक्रममा देहायका विषयलाई प्राथमिकता दिई प्रस्तुत गरिएको छ :

१. कानूनी संरचनाको विकास तथा सुदृढीकरण,
२. बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि,
३. बजार पूर्वाधारमा सुधार तथा विकास,
४. बजार सुपरिवेक्षण व्यवस्थामा सुधार,
५. बजार सहभागीहरुको व्यवसायीकता तथा स्तर अभिबृद्धि,
६. अध्ययन/अनुसन्धान र
७. प्रशिक्षण तथा जनचेतना अभिबृद्धि ।

साथै नियमित कार्यक्रमहरुलाई पनि विभिन्न चार उपशीर्षकमा समावेश गरिएको छ ।

सीमित श्रोत तथा साधनका बाबजूद बोर्डको प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न बोर्ड प्रतिबद्ध रहेको छ । बोर्डको नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, धितोपत्र बजार तथा वस्तु विनिमय बजार सहभागी पक्षहरु, लगानीकर्ता र बजार विज्ञ सहित अन्य सम्बन्धित सम्पूर्ण पक्षको सहयोग एवं सहकार्यको अपेक्षा गरिएको छ ।

अन्त्यमा, आव २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम चालु आर्थिक वर्ष भित्रै तयार गरी यस पुस्तिकाको रुपमा प्रकाशन गर्न विशेष मेहनत गर्ने बोर्डका नीति, अनुसन्धान तथा योजना महाशाखा, सुपरिवेक्षण तथा अनुसन्धान विभागको जनशक्तिलाई धन्यवाद दिन चाहन्छु ।

(डा.रेवत बहादुर कार्की)
अध्यक्ष

असार २५, २०७५


Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np

# विषय-सूची

*विवरण* *पृष्ठ नं*

प्राक्कथन

**भाग-एक**

**आव २०७४।०७५ मा धितोपत्र बजारको स्थिति तथा नीति तथा कार्यक्रमको प्रगति समीक्षा**

१. पृष्ठभूमि १
२. विश्व धितोपत्र बजारको स्थिति २
३. नेपालको आर्थिक स्थिति ३
४. नेपालको धितोपत्र बजारको स्थिति ६
४.१ धितोपत्रको प्राथमिक बजार ६
४.२ धितोपत्रको दोस्रो बजार ७
५. नेपालमा वस्तु विनिमय बजारको नियमन व्यवस्था ९
६. बोर्डको आव २०७४।०७५ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा १०
६.१ धितोपत्रको प्राथमिक बजारमा भएका सुधार तथा विकास १३
६.२ धितोपत्रको दोस्रो बजारमा भएका सुधार तथा विकास १८
६.३ कानूनी प्रवलीकरणमा भएका सुधार तथा कारवाही २२
६.४ अन्य सुधार तथा गतिविधि (अध्ययन तथा अनुसन्धान, प्रकाशन, पूँजी बजार प्रर्दशनी, विश्व लगानीकर्ता सप्ताह, आदि) २९
६.५ बोर्डको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार प्रक्रियामा रहेका केही कार्यक्रमहरु ३५

**भाग-दुई**

**आव २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम**

१. आव २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम ३७
१.१ नीति तथा कार्यक्रमको लक्ष्य ३७
१.२ नीति तथा कार्यक्रमका आधारहरु ३८
१.३ नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरु ३९
**१.४ विकासात्मक नीति तथा कार्यक्रम** ४१
१.४.१ कानूनी संरचनाको विकास तथा सुदृढीकरण ४१
१.४.२ बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि ४२
१.४.३ बजार पूर्वाधारहरुमा सुधार तथा विकास ४४

१.४.४ बजार सुपरिवेक्षण व्यवस्थामा सुधार ४६

१.४.५ वजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि ४८

१.४.६ अध्ययन /अनुसन्धान ४९

१.४.७ प्रशिक्षण तथा जनचेतना अभिवृद्धि ५०

**१.५ नियमित कार्यक्रमहरु** ५२

१.५.१ धितोपत्रहरु दर्ता तथा निष्काशन स्वीकृति र व्यवसाय संचालन अनुमति तथा विनियावली स्वीकृति ५२

१.५.२ बजार अनुगमन, सुपरिवेक्षण तथा कारवाही ५३

१.५.३ बजार विकासका लागि सुझाव, नीति तथा कार्यक्रम तयारी तथा प्रगति पुनरावलोकन र गुनासा समाधान ५४

१.५.४ लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र अध्ययन अनुसन्धानमा प्रोत्साहन तथा व्यावसायिकता विकास ५५

# अनुसूचीहरु

## क. आर्थिक तथा धितोपत्र बजार सम्बन्धी तालिका

तालिका १ : अन्तर्राष्ट्रिय धितोपत्र बजार ५९

तालिका २ : नेपालको आर्थिक अवस्था ६०

तालिका ३ : विगत १० वर्षमा धितोपत्रको प्राथमिक बजार ६२

तालिका ४ : विगत १० वर्षमा धितोपत्रको दोस्रो बजार ६३

तालिका ५ : नेपालको वित्तीय प्रणालीको संरचना ६४

तालिका ६ : सामुहिक लगानी कोष ६५

तालिका ७ : मर्चेन्ट बैंकर ६६

तालिका ८ : धितोपत्र दलाल व्यवसायी ६९

तालिका ९ : निक्षेप सदस्य ७२

तालिका १० : आस्वा सदस्य ७५

## ख. प्रगति समीक्षा

तालिका १ : बोर्डको आव २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रमको प्रगति विवरण ७८

# आव २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम

## भाग-एक

## आव २०७४।०७५ मा धितोपत्र बजारको स्थिति तथा नीति तथा कार्यक्रमको प्रगति समीक्षा

### १. पृष्ठभूमि

मुलुकको आर्थिक वृद्धि तथा विकासको लागि देशमा छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्न महत्वपूर्ण संयन्त्रको रूपमा रहेको नेपालको धितोपत्र बजारमा पछिल्लो समयमा संरचनात्मक परिवर्तनहरू भएका छन् । धितोपत्र बजारको नियमन निकायको रूपमा रहेको नेपाल धितोपत्र बोर्ड (बोर्ड) ले आर्थिक वर्ष २०७४।७५ बाट वस्तु विनिमय बजारको समेत नियमन जिम्मेवारी पाएको छ । समीक्षा वर्ष २०७४।७५ मा बोर्डले धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हक हितको संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद तथा बिक्रीलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्न साथै वस्तु विनिमय बजारको विकास तथा विस्तारको लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्थाको तर्जुमा तथा अन्य प्रचलित व्यवस्थामा बोर्डले समयसापेक्ष सुधार तथा विकास गरेको छ ।

प्रविधिको प्रयोगमार्फत आज विश्वको धितोपत्र बजार थप आधुनिकीकरण हुँदै गइरहेको सन्दर्भमा पछिल्लो समयमा धितोपत्रको पूर्ण अभौतिक कारोबार, प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू भई हाल ७७ जिल्लामा नै बैंक तथा वित्तीय संस्थाका २५०० भन्दा बढी शाखाहरूबाट प्राथमिक बजारको सेवा उपलब्ध भएको साथै मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीको उपत्यकाबाहिर शाखा विस्तार हुँदै गएको छ । यसरी नेपालको धितोपत्र बजार पनि प्रविधिमैत्री, लगानीमैत्री

एवं देशव्यापी बन्दै गइरहेको छ । नियमन क्षमतामा सुदृढीकरण एवं बजारमा देखिएका संरचनात्मक परिवर्तनका कारण नेपालको धितोपत्र बजार आगामी दिनहरूमा अझ स्वच्छ, स्वस्थ, व्यवस्थित, पारदर्शी र प्रभावकारी बजारको रूपमा विकसित हुँदै जाने सम्भावना बढेको छ ।

## २. विश्व धितोपत्र बजारको स्थिति

सन् २०१७ मा विश्व विश्व धितोपत्र बजार उत्साहजनक रहेको छ । सन् २०१८ जनवरीमा धितोपत्र बजारको विश्व संगठन (World Federation of Exchanges) ले प्रकाशन गरेको प्रतिवेदन अनुसार अन्तर्राष्ट्रिय धितोपत्र बजारका प्रमुख सूचकांकहरुमा उल्लेख्य वृद्धि आएको छ । सन् २०१७ मा बजार पूँजीकरण, धितोपत्रको प्राथमिक निष्काशनमा समेत उच्च वृद्धि देखिएतापनि दोस्रो बजार भने सामान्य रहेको छ । प्रतिवेदनका अनुसार दोस्रो बजारमा धितोपत्रको कारोबार रकम तथा सूचीकृत कम्पनीमार्फत् हुने लगानी प्रवाहमा केही सुस्तता आएको छ ।

सन् २०१७ मा अन्तर्राष्ट्रिय धितोपत्र बजारको बजार पूँजीकरण नयाँ उचाइमा पुगेको छ। सन् २०१६ को तुलनामा करिब २२ प्रतिशतको वृद्धि आई उक्त पूँजीकरण सन् २०१७ को अन्त्यमा ८७.१ ट्रिलियन अमेरिकी डलर पुगेको छ। धितोपत्रको विश्व बजार पूँजीकरणमा करिब ३६ प्रतिशत हिस्सा रहेको एशिया प्यासिफिक क्षेत्रमा रहेको धितोपत्र बजारको बजार पूँजीकरणमा भने समीक्षा अवधिमा करिब २८ प्रतिशतको वृद्धि देखिएको छ । यस्तै, अन्तर्राष्ट्रिय धितोपत्र बजारमा हुने धितोपत्र कारोबारको कुल रकममा करिब २.६ प्रतिशतको वृद्धि आई ८४.२ ट्रिलियन डलर कायम भएको छ । कुल कारोबार रकममा अमेरिकी क्षेत्रमा रहेका धितोपत्र बजारको कारोबार रकमले करिब ५० प्रतिशत हिस्सा राखेको देखिन्छ । यस्तै सन् २०१७ मा सूचीकृत कम्पनीको संख्यामा पनि १.५ प्रतिशतको वृद्धि आएको देखिन्छ ।

सन् २०१७ मा विश्व धितोपत्र बजारका प्रमुख सूचकांकहरुमा उल्लेखनीय वृद्धि भएको छ। अमेरिकाको न्यूर्योक स्टक एक्सचेन्जको NYSE Composite Index सन् २०१७ को अन्त्यमा करिब १५.८४ प्रतिशतले

वृद्धि भई १२,८०८.८४ विन्दु पुगेको छ जुन सन् २०१६ को अन्त्यमा ११,०५६.८९ विन्दु रहेको थियो । त्यस्तै लण्डन स्टक एक्सचेन्जमा सूचीकृत उच्च पुँजी भएका १०० कम्पनीहरुको शेयर मूल्यको आधारमा गणना गरिने FTSE 100 मा पनि करिब ७.६३ प्रतिशतको वृद्धि आई ७,६८७.७७ विन्दु पुगेको छ । सन् २०१६ को अन्त्यमा उक्त सूचकांक ७,१४२.८३ विन्दु रहेको थियो । जापानको टोकियो स्टक एक्सचेन्जमा सूचीकृत उच्च रेटिङ्ग भएका २२५ कम्पनीहरुको आधारमा गणना गरिने Nikkei 225 मा करिब १९.१० प्रतिशतले वृद्धि आएको छ । सन् २०१६ मा १९,११४.३७ बिन्दु रहेको मूल्यमा आधारित उक्त सूचकांक (Price Weighted Index) सन् २०१७ को अन्त्यमा २२,७६४.९४ बिन्दु पुगेको छ। त्यसैगरी चीनको सांघाई स्टक एक्सचेन्जमा क र ख वर्गमा सूचीकृत कम्पनीहरुको शेयर मूल्यको आधारमा गणना गरिने Shanghai Composite Index मा सन् २०१७ को अन्त्यमा करिब ६.५६ प्रतिशतले वृद्धि आई ३,३०७.१७ विन्दु पुगेको छ । उक्त सूचकांक सन् २०१६ मा ३,१०३.६४ विन्दु रहेको थियो । भारतमा बम्बई स्टक एक्सचेन्जमा सूचीकृत उच्च स्तरका ५०० कम्पनीको शेयर मूल्यलाई आधार बनाई गणना गरिने S&P BSE Sensex मा सन् २०१७ को अन्त्यमा करिब ३०.७८ प्रतिशतले वृद्धि आई ३४,०५६.८३ विन्दु पुगेको छ जुन सन् २०१६ को अन्त्यमा २६,०४०.७० विन्दु रहेको थियो । यसरी विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांकहरुमा वृद्धि देखिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भू-राजनैतिक विवादको बाबजुद पनि अधिकांश मुलुकहरुले अपनाएको विस्तारवादी मौद्रिक नीति, न्यून मुद्रास्फीति दर, सूचीकृत कम्पनीको सुदृढ मुनाफा जस्ता कारणहरुले सन् २०१७ मा अन्तर्राष्ट्रिय धितोपत्र बजार समग्रमा सकारात्मक रहेको देखिन्छ ।

## ३. नेपालको आर्थिक स्थिति

आव २०७४।७५ मा नेपालको समग्र आर्थिक स्थितिमा सुधारका संकेतहरु देखा परेका छन् । पछिल्लो समय आपूर्ति प्रणालीमा आएको सुधार, उर्जा उपलब्धता एवं व्यापार क्षेत्रको विस्तार, निर्माण कार्यले गति लिन थालेका कारण आर्थिक स्थितिमा सुधार देखिएको हो ।

**यथार्थ क्षेत्र र मूल्यः** केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित नेशनल एकाउण्ट्स तथ्याङ्क, २०७४।७५ अनुसार आव २०७४।७५ मा नेपालको अर्थतन्त्र ५.९ प्रतिशतले बढेको अनुमान गरिएको छ। गत आव २०७३।७४ मा अघिल्लो वर्षको भूकम्प र नाकावन्दीका कारण न्यून आर्थिक वृद्धिदर का आधारमा ७.४ प्रतिशतको उच्च वृद्धि रहेको थियो । समीक्षा वर्षमा कृषि र गैर कृषि क्षेत्रको वार्षिक औषत वृद्धिदर २.८ र ७.१ प्रतिशत रहेको अनुमान छ। चालु आवमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहेकोमा गैर कृषि क्षेत्रको ७२.४ प्रतिशत योगदान रहेको देखिन्छ । समीक्षा अवधिमा उत्पादनमूलक उद्योगको उत्पादन वृद्धि दर ८ प्रतिशत रहने तथा होटल तथा रेष्टुरेन्ट क्षेत्रको वृद्धिदर ९.८ प्रतिशत भएको अनुमान गरिएको छ । इन्धन तथा कच्चा पदार्थ आपूर्तिमा सहजता र बन्द, हड्ताल जस्ता गतिविधिहरुमा कमी आई औद्योगिक वातावरण अनुकुल भएकाले उत्पादनमूलक उद्योगको उत्पादनमा वृद्धि आएको अनुमान छ । त्यस्तै, वित्तीय मध्यस्थता क्षेत्रको वृद्धिदर ६.४ प्रतिशत रहेको अनुमान छ।

जिडिपिसँग कुल गार्हस्थ बचतको अनुपात वृद्धि भएको अनुमान गरिएको छ तथा जिडिपिमा उपभोगको अनुपात भने गत वर्षको तुलनामा कमी आउने अनुमान गरिएको छ । आव २०७३।७४ देखि लगानीसँगै कुल गार्हस्थ बचतमा वृद्धि भएतापनि लगानीको तुलनामा बचत वृद्धि न्यून रहेका कारण बचत लगानी अन्तर थप ऋणात्मक बन्दै गएको छ । चालु आ.व. २०७४।०७५ मा प्रतिव्यक्ति आयमा भने गत वर्षको अमेरिकी डलर ८६६ बाट १००४ पुगेको छ।

यो वर्ष मुद्रास्फीतिमा निकै चाप परेको देखिन्छ। गत वर्षको प्रथम आठ महिनामा २.९ प्रतिशत रहेको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर चालु आ.व. सोही अवधिमा अर्थात प्रथम आठ महिनामा छ प्रतिशत पुगेको छ। मुद्रास्फीति नियन्त्रणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**मौद्रिक तथा वित्तीय क्षेत्रः** आव २०७४।७५ को प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदाय र संकुचित मुद्रा प्रदाय क्रमशः ९.१ प्रतिशत

र ६.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही समयावधिमा उक्त मुद्रा प्रदायहरु क्रमशः १०.३ प्रतिशत र ५.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद वैदेशिक सम्पति घटेकोले अघिल्लो वर्षको तुलनामा मुद्राप्रदायको विस्तारमा संकुचन आएको हो । त्यस्तै, नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्याङ्क अनुसार वित्तीय क्षेत्रतर्फ वार्षिक विन्दुगत आधारमा दश महिनासम्ममा कर्जा प्रवाहको वृद्धिदर १९.६ प्रतिशत निक्षेप परिचालनको वृद्धिदर १६ प्रतिशत भन्दा धेरै रहेको छ। कर्जा र निक्षेपबीचको असन्तुलनले कर्जाको ब्याजमा चाप पारिरहेको छ। तथापि, २०७५ वैशाखमा निक्षेपको भारित औसत ब्याजदर ६.६ प्रतिशत रहेबाट यसले कर्जाको ब्याजलाई अंकुशित गर्नुपर्ने देखिन्छ।

**सरकारी वित्त क्षेत्रः** समीक्षा अवधिको प्रथम आठ महिनामा कुल राजस्व परिचालन गत वर्षको सोही समयावधिको ५३.२ प्रतिशतको तुलनामा २१.७ प्रतिशतले मात्र वृद्धि भएको छ। चालु आवको प्रथम आठ महिनामा चालु खर्च र पूँजीगत खर्चमा गत आवको सोही समयावधिको तुलनामा क्रमशः ३७.४ प्रतिशत र ३८.९ प्रतिशतले वृद्धि भएको छ। चालु आवमा सम्पन्न भएको संघ, प्रदेश र स्थानीय तहमा सम्पन्न भएको चुनावका कारण चालु खर्चको वृद्धि उच्च रहेको हो ।

आव २०७३।७४ मा कुल गार्हस्थ उत्पादनमा बजेट घाटाको अनुपात ७.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा उक्त अनुपात बढेर १०.४ प्रतिशत रहने अनुमान छ। समीक्षा अवधिमा राजस्व परिचालनभन्दा चालु खर्च उच्च हुन गई कुल गार्हस्थ उत्पादनमा संघीय सरकारको राजस्व बचतको अनुपात ०.३ प्रतिशतले ऋणात्मक हुने अनुमान गरिएको छ ।

**बाह्य क्षेत्रः** आव २०७४।७५ को प्रथम आठ महिनामा कुल वस्तु निर्यात १०.८ प्रतिशतले वृद्धि भएतापनि कुल वस्तु आयात भने २२.१ प्रतिशतले वृद्धि भएको छ । विगत एक दशकको अवधिमा कुल व्यापारमा वस्तु निर्यातको वृद्धिदर घट्दै गएको छ। समीक्षा अवधिमा कुल वस्तु व्यापारमा निर्यातको अंश ६.५ प्रतिशत र आयातको अंश ९३.५ प्रतिशत रहेको छ । समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २३ प्रतिशतले बढेको छ

भने समग्र शोधनान्तर स्थिति रु. २४ अर्ब ७३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही समयावधिमा शोधनान्तर रु. ५० अर्ब २ करोडले बचतमा रहेको थियो । आयातमा उच्च वृद्धि, व्यापार घाटामा उल्लेख्य वृद्धि तथा विप्रेषण प्रवाहमा आएको सुस्तताका कारण शोधानान्तर घाटामा रहेको हो । यस्तै विदेशी मुद्रा सञ्चितिमा २.८ प्रतिशतले कमी आई सो सञ्चितिले ९.७ महिनाको मात्र वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्था रहेको छ ।

## ४. नेपालको धितोपत्र बजारको स्थिति

विगतका वर्षहरुमा धितोपत्र बजार सुधार तथा विकासका लागि उल्लेख्य कार्यहरु भएतापनि अर्थतन्त्रमा लगानीको अन्य विकल्पहरु कम भएको, वित्तीय बजारमा असन्तुलित भई बैंक व्याजदर अस्थिर रहेको तथा बैंक तथा वित्तीय संस्थाको हकप्रद, बोनस शेयर निष्काशन तथा थप सार्वजनिक निष्काशन, संगठित संस्थाको धितोपत्रको प्राथमिक निष्काशनबाट धितोपत्रको आपूर्तिमा वृद्धि भएका कारण समीक्षा अवधिमा धितोपत्र बजारमा संकुचन देखिएको छ । धितोपत्रको प्राथमिक स्थिति मिश्रित रहेको छ भने दोस्रो बजार संकुचनको स्थितिमा रहेको छ । यसको विस्तृत विश्लेषण देहाय अनुसार गरिएको छ ।

### ४.१ धितोपत्रको प्राथमिक बजार

चालु आवको प्रथम एघार महिनासम्ममा हकप्रद शेयर तथा थप निष्काशनमा आएको कमीका कारण समग्र प्राथमिक बजारमार्फत् हुने पूँजी परिचालनमा कमी आएको छ । समीक्षा अवधिमा ७३ संगठित संस्थाले कुल रु.४२ अर्ब बराबरको पूँजी परिचालन भएको छ, जुन गत वर्षको सोही समयावधिको तुलनामा करिब २४ प्रतिशतले कम हो । गत वर्ष प्राथमिक बजारमार्फत् रु. ५५ अर्ब ४५ करोड बराबरको पूँजी परिचालन भएको थियो । गत वर्ष बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने व्यवस्थाका कारण उक्त संस्थाहरुले हकप्रद शेयर तथा थप निष्काशनमा जोड दिएका कारण पूँजी परिचालनको मात्रा अधिक देखिएको हो ।

विगत तीन वर्ष ऋणपत्र निष्काशन शून्य रहेको अवस्थामा समीक्षा वर्षमा एक वाणिज्य बैंकले तीन अर्व रुपैयाँ बराबरको ऋणपत्र निष्काशन गरेको छ । सोही समयावधिमा साधारण शेयरको निष्काशनमा भने करिब तीन गुणाले वृद्धि आएको छ । कुल पूँजी परिचालनमा सबैभन्दा बढी हिस्सा (५२.३८ प्रतिशत) हकप्रद निष्काशनको रहेको छ भने सबैभन्दा कम हिस्सा (७.१४ प्रतिशत) ऋणपत्र निष्काशनको रहेको छ। यस्तै म्युचुअल फण्ड निष्काशनतर्फ भने विगत तीन वर्षको अवधिमा सबैभन्दा बढी निष्काशन चालु आवमा भएको छ। चालु आवमा चार योजनामार्फत् रु. ४.८ अर्ब बराबरको पूँजी संकलन भएको छ। विगत तीन आवको प्राथमिक बजारको अवस्था तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १**
**धितोपत्रको प्राथमिक बजार (प्रथम एघार महिनामा आधारित)**

| | | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | विवरण | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | प्राथमिक निष्काशन | ११ | २.६ | १६ | १.५ | १५ | ५.७ | ४५.५ | -४२.३ | -६.३ | २८०.० |
| २ | हकप्रद निष्काशन | २७ | ७.९ | ६९ | ४१.९ | ५० | २२.० | १५५.६ | ४३०.४ | -२७.५ | -४७.५ |
| ३ | थप निष्क(ाशन | ३ | ५.८ | ३.०० | ७.८ | ३ | ६.५ | ०.० | ३४.५ | ०.० | -१६.७ |
| ४ | ऋणपत्र निष्काशन | - | - | - | - | १ | ३.० | - | - | - | - |
| ५ | म्युचुअल फण्ड | १ | १.० | ४ | ४.३ | ४ | ४.८ | ३००.० | ३२५.० | ०.० | १२.९ |
| | **जम्मा** | ४२ | १७.३ | ९२ | ५५.४५ | ७३ | ४२.० | ११९.० | -२०.७ | २२०.५ | -२४.३ |

स्रोत: नेपाल धितोपत्र बोर्ड

## ४.२ धितोपत्रको दोस्रो बजार

अघिल्लो आर्थिक वर्षमा धितोपत्रको दोस्रो बजारको सूचकांकहरु सकारात्मक रहेतापनि आर्थिक वर्ष २०७४।७५ मा अधिकांश सूचकांकहरू नकारात्मक देखिएका छन्। यस दोस्रो बजारमा मुख्यत: वित्तीय बजारको देखिएको असन्तुलन र धितोपत्रको आपूर्तिमा उल्लेख्य वृद्धि भएका कारण समीक्षा अवधिमा केही सुस्तता देखिएको छ।

आव २०७४।७५ को जेठ महिनाको अन्त्यमा नेप्से सूचकांक १२४७.३ बिन्दु कायम भएको छ, जुन गत वर्षको सोही समयावधिको तुलनामा २१.२८ प्रतिशतले कमी हो । यस्तै सोही समयावधिमा फ्लोट सूचकांकमा पनि २३.०९ प्रतिशतले कमी आई उक्त सूचकांक ८९.७ बिन्दु रहेको छ । कुल १९५ सूचीकृत कम्पनी रहेको नेपाल स्टक एक्सचेञ्ज लि. मा समीक्षा अवधिमा कुल २११ दिन कारोबार हुँदा कुल रु. १ अर्ब १५ करोड बराबरको धितोपत्र कारोबार भएको छ, जुन गत आवको सोही समयावधिको तुलनामा करिब ४० प्रतिशतको कमी हो। यद्यपि सूचीकृत धितोपत्रको संख्यामा भने २२.२९ प्रतिशतले वृद्धि भएको छ। चालु आव को जेठ महिनासम्ममा नेप्सेमा करिब ३ अर्ब ५४ करोड बराबरको धितोपत्र सूचीकृत भएको छ।

समीक्षा अवधिमा दोस्रो बजारको बजार पूँजीकरण रु. १२ खर्ब ७० अर्ब पुगेको छ, जुन गत वर्षको तुलनामा १९.६१ प्रतिशतले कम हो। यस्तै फ्लोट बजार पूँजीकरणमा पनि गत वर्षको तुलनामा ८.३२ प्रतिशतले कमी आई चालु आवको जेठ अन्त्यमा रु. ५ खर्ब ८४ अर्ब कायम भएको छ। समीक्षा अवधिमा कुल गार्हस्थ उत्पादनमा बजार पूँजीकरणको अनुपात ४२.२४ प्रतिशत रहेको छ भने फ्लोट बजार पूँजीकरणको अनुपात १९.४३ प्रतिशत रहेको छ। यस्तै बजार पूँजीकरणमा कारोबारको वार्षिक अनुपात ९.९० रहेको छ, जुन गत वर्षको सोही समयावधिमा १३.३० प्रतिशत रहेको थियो। दोस्रो बजारको अवस्थालाई तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २**
**धितोपत्रको दोस्रो बजार**

| क्रस | विवरण | आर्थिक वर्ष (प्रथम एघार महिना) | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | सूचिकृत संगठित संस्थाको कुल संख्या | २३० | २१३ | १९५ | -७.३९ | -८.४५ |
| २ | कुल सूचिकृत धितोपत्रको संख्या (करोडमा) | २०२.६ | २९०.१५ | ३५४.८३ | ४३.२१ | २२.२९ |
| ३ | धितोपत्रको कारोबार (रु. अर्बमा) | १३२.८४ | १९२.७ | ११५.२६ | ४५.०६ | -४०.१९ |
| ४ | औसत दैनिक कारोबार रकम (रु. करोडमा) | ६२.६६ | ९१.७६ | ५४.६२ | ४६.४४ | -४०.४८ |
| ५ | कारोबार भएको कूल सेयर संख्या (करोडमा) | २४.१५ | ३६.४६ | २७.३ | ५०.९७ | -२५.१२ |
| ६ | कारोबार संख्या | ७०९,४४६ | १,२४६,५६४ | १,२२३,९०१ | ७५.७१ | -१.८२ |
| ७ | सूचिकृत धितोपत्रको चुक्ता मूल्य (रु. करोडमा) | १९,६०७.४६ | २८,३१५.५५ | ३४,७०४.८३ | ४४.४१ | २२.५६ |
| ८ | कूल कारोबार भएको दिन | २१२ | २१० | २११ | -०.९४ | ०.४८ |
| ९ | कारोबार भएको स्कीप्ट संख्या | २६७ | २६१ | २५६ | -२.२५ | -१.९२ |
| १० | सूचिकृत धितोपत्रको बजार पूँजीकरण (रु. अर्बमा) | १५९१.५३ | १५८०.२१ | १२७०.३२ | -०.७१ | -१९.६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | सूचिकृत धितोपत्रको फ्लोट बजार पुँजीकरण (रु अर्बमा ) | ४९४.२९ | ६३७.३८ | ५८४.३५ | २८.९५ | -८.३२ |
| १२ | बजार पूँजीकरणमा कारोबारको प्रतिशत | ९.११ | १३.३० | ९.९० | ४६.१० | -२५.६० |
| १३ | फ्लोट बजार पूँजीकरणमा कारोबारको प्रतिशत | २६.८७ | ३०.२३ | १९.७२ | १२.५० | -३४.७६ |
| १४ | कुल गार्हस्थ उत्पादनमा बजार पूँजीकरणको प्रतिशत | ७०.६४ | ५९.८० | ४२.२४ | -१५.३४ | -२९.३६ |
| १५ | कुल गार्हस्थ उत्पादनमा फ्लोट पूँजीकरणको प्रतिशत | २१.९४ | २४.१२ | १९.४३ | ९.९५ | -१९.४४ |
| १६ | नेप्से परिसूचक | १६१४.१५ | १५८४.४९ | १२४७.३ | -१.८४ | -२१.२८ |
| १७ | नेप्से सेन्सिटिभ परिसूचक | ३४९.१९ | ३३६.३ | २६१.८१ | -३.६९ | -२२.१५ |
| १८ | नेप्से फ्लोट परिसूचक | ११७.१६ | ११६.६३ | ८९.७ | -०.४५ | -२३.०९ |

स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.।

## ५. नेपालमा वस्तु विनिमय बजारको नियमन व्यवस्था

विगत करिब १० वर्षदेखि बिना नियमन सञ्चालन भैरहेको वस्तु विनिमय वजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हित संरक्षण, वस्तुको कारोवार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्वन्धी व्यवसायलाई नियमन गर्न नेपाल सरकारबाट वस्तु विनिमय बजार सम्वन्धी ऐन, २०७४ मिति २०७४ भाद्र ११ मा जारी भएको थियो । उक्त ऐनको कार्यान्वयनको लागि ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४ मंसिर ९ देखि लागू हुने गरी नेपाल सरकारको स्वीकृतिमा बोर्डले वस्तु विनिमय वजार सम्बन्धी नियमावली, २०७४ जारी गरेको छ । यस सँगै वस्तु विनिमय बजारको विकास र विस्तार गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ । बोर्डबाट मिति २०७५ वैशाख ३ गते २१ दिने सूचना जारी गरी मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको संभाव्यता तथा लगानीकर्ताको हित संरक्षण समेतलाई दृष्टिगत गरी वस्तु विनिमय बजार संचालन गर्ने अनुमतिपत्र प्रदान गर्नुपर्ने व्यवस्था समेतलाई मध्यनजर गरी वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृतिका लागि निवेदन दिने कार्य स्थगित गरिएको छ । समीक्षा वर्षमा वस्तु विनिमय बजार सञ्चालन पूर्व स्वीकृतिका लागि देहाय बमोजिमका पाँच संगठित संस्थाहरुले बोर्डमा निवेदन पेश गरेका छन् । यस सम्वन्धमा बोडबाट प्राप्त निवेदनहरुमा अध्ययन भई रहेको छ ।

| तालिका ३<br>बोर्डमा निवेदन दिने प्रस्तावित वस्तु विनियम बजार | | |
|---|---|---|
| क्रस | संगठित संस्थाको नाम | प्रस्तावित चुक्ता पूँजी |
| १ | नेपाल कमोडिटी एक्सचेन्ज लि. | रु. ५४ करोड ६० लाख |
| २ | नेपाल मर्कन्टाइल एक्सचेन्ज लि | रु. ५० करोड |
| ३ | कमोडिटी फ्युचर्स एक्सचेन्ज लि. | रु. ६० करोड |
| ४ | मल्टी डेरिभेटिभ एक्सचेन्ज नेपाल लि. | रु. ६८ करोड २५ लाख |
| ५ | राइजल कमोडिटी एण्ड डेरिभेटिभ एक्सचेन्ज लि. | रु. ५५ करोड |

## ६. बोर्डको आव २०७४।७५ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा

### क) आव २०७४।०७५ को प्रगति समीक्षा संक्षेपमा

चालु आव **२०७४।०७५** को नीति तथा कार्यक्रमको हालसम्मको प्रगति समीक्षा संक्षिप्तमा देहायअनुसार गरिएको छ :

- नेपाल सरकारले मिति २०७४।०५।११ मा जारी गरेको वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ कार्यान्वयनका लागि बोर्डले मिति २०७४।०८।०९ मा वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू गरी वस्तु विनिमय(कमोडिटि डेरिभेटिभ) बजारलाई बोर्डको नियमनको दायरामा ल्याइएको छ ।

- सूचीकृत जलविद्युत कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट भएको तहकिकातको प्रतिवदेन अनुसार धितोपत्र दलाल व्यवसायीहरुलाई र हितग्राही तथा ग्राहक परिचय विवरणमा त्रुटि गर्ने निक्षेप सदस्य/धितोपत्र दलाललाई आर्थिक जरिवाना गरी कानुन प्रवलीकरणमा विशेष जोड दिई नियमन शसक्तता बढाइएको छ ।

- धितोपत्रको दोस्रो बजार सेवालाई आधुनिकीकरण गर्दै बजारको पहुँच देशव्यापी बनाउन तथा अर्थतन्त्रमा आएको बृद्धि र पूँजी बजारको विस्तारलाई धान्न सक्ने गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम थप एक स्टक एक्सचेन्ज स्थापना गर्ने सम्बन्धी सैद्धान्तिक निर्णय गरिएको छ ।

- सार्वजनिक निष्काशन कार्यलाई थप व्यवस्थित गर्ने उद्देश्यले २०७३ माघदेखि शुरु गरिएको आस्वा प्रणालीलाई २०७४ श्रावणदेखि अनिवार्य गरी प्राथमिक बजार सेवा ६५ बैंक तथा वित्तीय संस्थाका करिब २५०० शाखामार्फत् देशभर ७७ जिल्लामै पुऱ्याइएको साथै यसबाट धितोपत्रको सार्वजनिक निष्काशनदेखि कारोवारसम्मको समयावधि छ महिनाबाट ४० दिनमा छोट्टिएको छ ।

- बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू गरी प्राथमिक निष्काशनमा आवेदन दिने सम्पूर्ण आवेदनकर्तालाई न्यूनतम १० कित्ता शेयर बाँडफाँड गरिनुपर्ने व्यवस्था लागू गरी धितोपत्र बाँडफाँड प्रणाली समावेशी बनाएको छ ।

- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा संशोधन गरी बोर्डले मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ बनाउन चुक्ता पुँजीमा तीन गुणाभन्दा बढीले वृद्धि गर्नुका साथै सङ्गठित संस्थाको संर चना हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेञ्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फण्ड जस्ता कोष सञ्चालन तथा सम्पत्ति व्यवस्थापन लगायतका विषयमा परामर्शदाताको रूपमा कार्य गर्न सक्ने गरी मर्चेन्ट बैंकरको कार्य क्षेत्र विस्तार गरेको छ ।

- धितोपत्र दलालले चुक्ता पूँजी बृद्धि गरी रु. २० लाखबाट रु. २ करोड पुऱ्याउनुपर्ने, शाखा कार्यालयको लागि आवश्यक मापदण्ड पूरा गरी बोर्डबाट स्वीकृति लिनुपर्ने, दक्ष जनशक्ति, आवश्यक पूर्वाधार विकास गर्नुपर्ने लगायतका व्यवस्था थप गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा नेपाल सरकारको स्वीकृति लिई आवश्यक संशोधन गरिएको छ ।

- बोर्डबाट पहिलोपटक आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक रुपमा घोषणा गरी प्रकाशन गर्न शुरुवात गरेको छ ।

- धितोपत्र बजारमा सुशासन कायम गर्ने उद्देश्यले बोर्ड सदस्यहरुका लागि आचार संहिता लागू गरिएको छ भने बोर्डले सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन अभिबृद्धि गर्न २०७४ माघमा सूचना तथा जानकारी प्रवाह, सञ्चालक समिति, सञ्चालकको आचरण, संस्थाको हित विपरित कार्य गर्न नहुने, पदको दुरुपयोग गर्न नहुने, संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली, संगठन संरचना र कर्मचारी व्यवस्था, संस्थाको लेखा तथा लेखा परिक्षण, सूचीकृत संस्थाले गर्न नहुने कार्यसहित संस्था सञ्चालन सम्बन्धी व्यवस्थाहरु समावेश गरी मिति २०७५ श्रावण १ मा लागू हुने गरी "सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" जारी गरेको छ ।

- सर्वसाधारणमा पूँजी बजार सम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम लाई व्यापक गर्नुको साथै उच्च तथा जिल्ला अदालतका न्यायधीशज्यूहरु तथा कानून व्यवसायीहरुको सहभागितामा धितोपत्र बजार नियमन तथा कानूनी व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

- साथै, बोर्डले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू, मार्जिन कारोबार सम्बन्धी नीतिगत व्यवस्था, ग्राहक विवरण (KYC) विस्तृत रुपमा परिमार्जन गरिएको, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ जारी, २०७५ बैशाखदेखि इन्टरनेट मार्फत खरिद विक्री आदेश दिन सक्ने व्यवस्था इत्यादि कार्यक्रमहरु सम्पन्न गरिसकेको छ । यसरी बोर्डले आव २०७४।७५ को धितोपत्र बजारसम्बन्धी अधिकांश नीति तथा कार्यक्रमको कार्यान्वयन कार्य सम्पन्न गरेको छ ।

## ख) आव २०७४।०७५ को प्रगति समीक्षा विस्तृतमा

चालु आव २०७४।०७५ को प्रगति समीक्षा विस्तृतमा निम्न पंक्तिमा प्रस्तुत गरिएको छ :

बोर्डले केही समय अगाडिदेखि धितोपत्र बजार सुधार र विकासका लागि विशेषरुपमा कार्य गर्दै आईरहेको छ । यस्तो सुधार मुख्यतः लगानीकर्ताले भोगेको समस्या समाधान गर्ने, नियमन र सुपरिवेक्षणलाई सुदृढ गर्ने र बजारको विकास गर्नमा केन्द्रीत छ । वि.स. २०६४ मा धितोपत्र कारोबारमात्र स्वचालित गरिएकोमा वि.स. २०७२ माघबाट दोस्रो बजारको कारोबारलाई पूर्णरुपमा अभौतिकृत गर्ने, IOSCO र ANNA को सदस्यता प्राप्तिसँगै धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण भएको, लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने, धितोपत्रको प्राथमिक निष्काशनमा आस्वा तथा सि-आस्वा प्रणालीको सफल प्रयोगका साथै सूचीकृत कम्पनीहरुले प्रदान गर्ने नगद लाभांश शेयरधनीको बैंक खातामा जम्मा हुने, बोनस तथा हकप्रद शेयर लगानीकर्ताको डिम्याट खातामा जम्मा हुने, धितोपत्र व्यवसायीको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि दिर्गदशन तयारी, धितोपत्र दलाल व्यवसायी तथा निक्षेप सदस्यलाई आर्थिक जरिवाना, धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयालाई थप व्यवस्थित गर्ने र धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यलाई रोक्नलाई निर्देशिका जारी गर्ने जस्ता महत्वपूर्ण सुधारहरु भई धितोपत्र बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ । नेपालको धितोपत्र बजारको विकास तथा सुधार गरी धितोपत्र बजारलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनका लागि बोर्डबाट २०७४।०७५ गरिएका सुधारात्मक/विकासात्मक कार्यहरु देहाय बमोजिम रहेका छन् :

## ६.१ धितोपत्रको प्राथमिक बजारमा भएका सुधार तथा विकास

पछिल्लो समयमा बोर्डले धितोपत्रको प्राथमिक बजारलाई प्रविधिमैत्रीं, लगानीमैत्री एवं देशव्यापी बनाउने क्रममा आस्वा तथा सि-आस्वा प्रणाली कार्यान्वयनमा ल्याई हाल ७७ जिल्लामा बैंक तथा वित्तीय

संस्थाका २५०० भन्दा बढी शाखाहरूबाट प्राथमिक बजारको सेवा उपलब्ध भएको तथा मर्चेन्ट बैंक र धितोपत्र दलाल व्यवसायीको समेत उपत्यका बाहिर शाखा विस्तार हुन थालेको छ । समीक्षा अवधिमा बोर्डले प्राथमिक बजारको सेवा उपलब्ध गराउने बजार सहभागीहरुको क्षमता अभिवृद्धि, पूँजीगत आधार तथा कार्यक्षेत्रको विस्तार गर्दै यस बजारलाई स्वच्छ, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि देहाय बमोजिम कार्य गरेको छ ।

**६.१.१ धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा प्रथम संशोधनः** बोर्डले साविकको धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा प्रथम संशोधन गरी धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) (पहिलो संशोधन) नियमावली, २०७४ लाई नेपाल सरकारले स्वीकृति दिएसँगै २०७४ श्रावण ३ बाट लागू गरेको छ । बजारको विकाससँगै बढ्दो जिम्मेवारी अनुरूप मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ बनाउन चुक्ता पूँजीमा तीन गुणा भन्दा बढीले वृद्धि गर्नुका साथै कार्यक्षेत्रमा विस्तार गर्दै सङ्गठित संस्थाको संरचना हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेञ्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फण्ड जस्ता कोष सञ्चालन तथा सम्पति व्यवस्थापन लगायतका विषयमा परामर्शदाताको रूपमा कार्य गर्न सक्ने गरी मर्चेन्ट बैंकरको कार्य क्षेत्रको विस्तार गरिएको छ । साथै, मर्चेन्ट बैकिङ्ग व्यवसायलाई थप प्रतिष्पर्धी र व्यवसायिक बनाउने उद्देश्य बमोजिम मर्चेन्ट बैकिङ्ग कार्य गर्न अनुमतिपत्रको लागि आवेदन लिने कार्य समेत खुल्ला गरिएको छ ।

**६.१.२ धितोपत्रको हकप्रद निष्काशनमा नयाँ व्यवस्थाः** बोर्डले धितोपत्रको हकप्रद निष्काशन प्रक्रियामा समेत आस्बा प्रणालीलाई अनिवार्य गरेको छ । साथै, विक्री नभएको हकप्रद शेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका इच्छुक लगानीकर्ताहरुले आवेदन दिन वञ्चित भएकाले सो प्रक्रियामा सबै लगानीकर्ताले समेत समान अवसर प्राप्त गर्न माग भई आएको कारण विक्री नभएको हकप्रद शेयरको लिलाम प्रक्रियामा उपत्यका बाहिरका प्रमुख केन्द्रहरु

विराटनगर, विरगञ्ज, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत तथा धनगढीहरुबाट समेत लगानीकर्ताले आवेदन दिन सक्ने व्यवस्था गर्ने गरी बोर्डले सम्पूर्ण मर्चेन्ट बैंकरहरु र आस्बा सदस्यहरुलाई २०७४ कार्तिक १२ मा निर्देशन दिएको छ ।

६.१.३ **धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ स्वीकृत:** सार्वजनिक निष्काशन कार्यलाई थप सरल र व्यवस्थित बनाउने उद्देश्य बमोजिम सिडिएससिले प्रस्तुत गरेको धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ लाई बोर्डले २०७४ कार्तिक १९ मा स्वीकृत गरेको छ । निष्काशन तथा विक्री प्रबन्धक र अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाका लागि धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नुका साथै सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुले प्रदान गर्ने सेवामा एकरुपता कायम गर्ने उद्देश्यले उक्त निर्देशिका तयार गरिएको छ ।

६.१.४ **संगठित संस्थाको धितोपत्रको सार्वजनिक निष्काशनमा थप व्यवस्था:** बोर्डले धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा सर्वसाधारणलाई थप सूसुचित गराउनका लागि वित्तीय अवस्था सन्तोषजनक नरहेका संगठित संस्थाको धितोपत्रको सार्वजनिक निष्काशन गर्दा विगत तीन वर्षको प्रति शेयर खुद सम्पति,प्रति शेयर आम्दानी, प्रति मेगावाट लागत, विद्युत उत्पादन अनुमतिको बाँकी अवधि, लगानी फिर्ता हुने अवधि, क्रेडिट रेटिङ्गको ग्रेडलाई विवरण पत्रको मुखपृष्ठमा देखिने गरी बक्समा प्रस्तुत गर्नुपर्ने र स्वेच्छिक लगानी गरेको स्वघोषणा गर्नुपर्ने लगायतका विविध व्यवस्थाहरू मिति २०७४ पुष १९ मा गरेको छ ।

६.१.५ **मर्चेन्ट बैंकरको कार्यलाई थप व्यवस्थित गरिएको:** धितोपत्र निष्काशन कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउन मर्चेन्ट बैङ्करले आफू आधारभूत शेयरधनी रहेको तथा आफ्नो मुख्य कम्पनीको

धितोपत्रको निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी कार्य गर्दा र उक्त धितोपत्रको प्रत्याभूति गर्दा स्वार्थ बाझिन सक्ने अवस्थालाई दृष्टिगत गरी आफ्नो मुख्य कम्पनीको र आफू आधारभूत शेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी कार्य गर्न नपाउने व्यवस्था मिति २०७४ मंसिर ३ मा गरिएको छ । साथै, निष्काशन तथा विक्री प्रबन्धकले आफूले निष्काशन तथा विक्री प्रबन्धको कार्य गरेको धितोपत्रको सार्वजनिक निष्काशनमा उक्त धितोपत्रको प्रत्याभूति समेत गर्न नपाउने व्यवस्था बोर्डले गरेको छ ।

६.१.६ **KYC फारमलाई विस्तृत र समयसापेक्ष बनाइएको:** धितोपत्र सम्बन्धी ऐन र सम्पति शुद्धीकरण सम्बन्धी प्रचलित कानूनी व्यवस्थाहरूलाई थप प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै धितोपत्र बजारको कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाई धितोपत्र बजारमा हुने जोखिम न्यूनीकरण गर्ने उद्देश्य बमोजिम बोर्डले प्रचलित KYC फारमलाई परिमार्जित र विस्तृत बनाएको छ । नयाँ KYC फारममा ग्राहकको परिवारका सदस्यहरुको विवरण, पेशागत विवरण, ग्राहकको वसोवास गर्ने स्थानको नक्शा, इन्भेष्टमेन्ट कम्पनीमा संग्लन भए नभएको विवरण, धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन नगरेको उद्घोषण, कम्पनी र संस्थाको हकमा दर्ता सम्वन्धी विस्तृत विवरण तथा कम्पनी र संस्थाको पहिलो तथा दोस्रो सम्पर्क व्यक्तिको तीन पुस्ते विवरण जस्ता थप विवरणहरु समावेश गरि २०७५ जेठ देखि लागु गरिएको छ ।

६.१.७ **सी-आस्वा प्रभावकारी बनाउन निर्देशन:** बोर्डले सी-आस्वा सेवालाई प्रभावकारी बनाउन सिडिएससिलाई निर्देशन दिएको छ । सी-आस्वा सफ्टवेयरको कनेक्टिभिटी क्षमता अभिवृद्धि गर्न, सी-आस्वामार्फत् आवेदन गर्दा खातामा रहेको रकम तत्काल रोक्का हुने व्यवस्था सहित आवेदन सुनिश्चितताको बारेमा सेवाग्राहीलाई तत्कालै जानकारी गराउने संयन्त्रको विकास गर्न, सी-आस्वा सेवा सम्बन्धमा पर्याप्त जानकारी दिने, सी-आस्वाको प्रभावकारी

कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थाका कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्न व्यवस्था गर्ने गराउने सम्बन्धमा बोर्डले निर्देशन जारी गरेको हो ।

**६.१.८ नयाँ क्रेडिट रेटिङ्ग संस्थालाई सञ्चालन अनुमति प्रदानः** धितोपत्र बजारमा हुने क्रेडिट रेटिङ्ग व्यवसायलाई प्रतिस्पर्धी बनाई यस क्षेत्रको व्यवसायिकता अभिवृद्धि गर्ने क्रममा बोर्डले मिति २०७४ कार्तिक ३० मा भारतको केयर रेटिङ्ग लि. का ५१ प्रतिशत स्वामित्व रहेको श्री केयर नेपाल लि. लाई क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गरेको छ । यसरी नेपालमा क्रेडिट रेटिङ्ग व्यवसाय संचालनका लागि अनुमति प्राप्त गर्ने संस्थाको संख्या दुई पुगेको छ ।

**६.१.९ गैर कानूनी ढंगवाट धितोपत्र सार्वजनिक निष्काशन नगर्न तथा सोमा लगानी नगर्न लगानीकर्तालाई सचेतः** बोर्डबाट धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा २७ ले संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनु पर्ने स्पष्ट व्यवस्था भएकोमा कतिपय जलविद्युत कम्पनीहरुले बोर्डमा दर्ता नगरी शेयरमा लगानी गर्न सार्वजनिक रुपमा सूचना प्रकाशित गरेको पाइएकोले धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा नगरी सर्वसाधारण समक्ष धितोपत्र विक्री गर्ने कार्य गैरकानूनी भएकोले बोर्डमा दर्ता गरी विवरणपत्र प्रकाशन गरेर मात्र धितोपत्रको सार्वजनिक निष्काशन गर्न सम्वन्धित सम्पूर्ण सगठित संस्थाहरुलाई संचारमाध्यममार्फत सूचित गरिएको छ । साथै बोडले यसरी गैरकानूनी ढंगवाट सार्वजनिक निष्काशन गरिएका धितोपत्रहरुमा लगानी गर्दा लगानीकर्ताहरुको लगानी जोखिममा पर्न सक्ने हुनाले यस्ता धितोपत्रहरुमा लगानी नगर्न नगराउनको लागि लगानीकर्तालाई सर्तक गराउँदै विगतमा समेत गैर कानूनी ढंगवाट सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्न लागेका संगठित संस्थाहरुलाई धितोपत्र निष्काशन गर्न रोक लगाएको समेत जानकारी गराएको छ ।

## ६.२ धितोपत्रको दोस्रो बजारमा भएका सुधार तथा विकास

विश्व धितोपत्र बजार थप आधुनिकीकरण हुँदै गइरहेको सन्दर्भमा नेपालको धितोपत्र बजारमा समेत धितोपत्रको पूर्ण अभौतिक कारोबारको शुरुवात भएको तथा पछिल्लो समयमा धितोपत्र दलाल व्यवसायीको उपत्यका बाहिर शाखा विस्तार हुदै गएको छ। समीक्षा अवधिमा बोर्डले धितोपत्रको दोस्रो बजारको सेवालाई स्वच्छ, पारदर्शी, विश्वसनीय, छिटोछरितो बनाउनका लागि देहाय बमोजिमको कार्य सम्पन्न गरेको छ।

**६.२.१ मार्जिन कारोबार सम्बन्धी नीतिगत व्यवस्थाः** अन्तर्राष्ट्रिय धितोपत्र बजारमा उपलब्ध भैरहेका सेवाहरुलाई नेपालको धितोपत्र बजारमा समेत उपलब्ध गराई यस बजारलाई अन्तर्राष्ट्रियस्तरको बनाउने तथा आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रममा समेत उल्लेख भए अनुसार धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र विस्तार गर्न बोर्डले मार्जिन कारोबार सम्बन्धी नेप्से र धितोपत्र दलाल व्यवसायीलाई निर्देशन दिदैं सो सम्बन्धी केही नीतिगत व्यवस्थाहरु गरी यसको कार्यान्वयन गर्न कार्यविधि बनाई पेश गर्न धितोपत्र बजार तथा धितोपत्र दलाल व्यवसायीहरुलाई मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४ बोर्डले २०७४ कार्तिक २० मा जारी गरेको छ। बोर्डबाट जारी गरिएको निर्देशन देहाय बमोजिम रहेको छ :

- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा उपलब्ध गराउँदा कम्तीमा १० हजार शेयरधनी रहेको तथा नेटवर्थ सकारात्मक रही पछिल्लो दुई आर्थिक बर्षमा कम्तीमा वार्षिक १० प्रतिशत लाभांस वितरण गरेको सूचीकृत संगठित संस्थाको मात्र मार्जिन कारोवार सुविधा उपलब्ध गराउनु पर्नेछ।
- धितोपत्र दलाल व्यवसायीको खुद सम्पत्ति (Net Worth) कम्तीमा ५ करोड हुनु पर्नेछ।
- धितोपत्र दलाल व्यवसायीले सूचीकृत संगठित संस्थाको शेयरको १८० दिनको औसत मूल्य वा वजार मूल्यमध्ये जुन कम हुन्छ

सोको ५० प्रतिशतले हुन आउने रकम ग्राहकसँग प्रारम्भिक मार्जिन (Initial margin) को रुपमा लिनु पर्नेछ ।

- मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरिएको शेयरको विवरण तथा मार्जिन रकमको विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ तथा शेयर दैनिक रुपमा कारोवार गर्दा वा कारोवार पश्चात वा राफसाफको समयमा पहिचान गरी राख्नुपर्नेछ ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन सम्वन्धमा वजारको अवस्था तथा जोखिम हेरी ग्राहकसंग न्यूनतम ४० प्रतिशत मार्जिन (Maintenance Margin) लिनुपर्नेछ ।
- ग्राहकले मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरेको शेयर मा आवश्यक पर्ने मार्जिन (Maintenance Margin) भुक्तान गर्न नसकेमा वा इन्कार गरेमा वा सम्पर्कमा नआएमा धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरेको शेयर मात्र विक्री गर्न सक्नेछ ।
- धितोपत्र दलाल व्यवासायीले मार्जिन कारोवार सुविधा दिनु अगावै लेखापरीक्षकबाट प्रमाणित आफ्नो वित्तीय विवरण सहित धितोपत्र बजारमा सहमतिको लागि निवेदन पेश गर्नु पर्नेछ। धितोपत्र बजारले प्राप्त भएको निवेदनका सम्बन्धमा आवश्यक अध्ययन गरी सहमति प्रदान गर्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।
- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा प्रदान गर्न आफ्नै स्रोत वा वाणिज्य बैंकसंग रकम लिएर मार्जिन कारोवार सुविधा प्रदान गर्न सक्नेछ ।
- धितापत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवथको दुई गुणासम्म मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्नेछ ।
- धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहक तथा निजको एकाघर का सदस्यलाई आफ्नो नेटवर्थको बढीमा १० प्रतिशतभन्दा बढी मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्ने छैन ।

- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत कारोवार भएको शेयरको हिसाव किताव तथा लेखा बार्षिकरुपमा लेखापरिक्षण गराई बोर्ड र धितोपत्र बजारलाई आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र पेश गर्नुपर्नेछ ।

- धितोपत्र दलाल व्यवसायीले ग्राहकको परिस्कृत ग्राहक मूल्याङ्कन पद्धति अवलम्वन गरी पहिचान गरेर मात्र मार्जिन कारोवार सुविधा प्रदान गर्नुपर्नेछ ।

- धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा उपलव्ध गराउँदा सो सम्वन्धमा ग्राहकसंग सम्झौता गर्नु पर्नेछ र उक्त सम्झौतामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछ :

  शुरु मार्जिन (Initial Margin), संभार मार्जिन (Maintenance Margin), मार्जिन कल (Margin Call), सेवा शुल्क वा व्याज, खरीद गर्ने शेयरको विवरण र आवश्यकता अनुसार अन्य शर्त व्यवस्थाहरु ।

- यस निर्देशनको अधिनमा रही धितोपत्र दलाल व्यवसायीले एकरुपता हुने गरी र धितोपत्र बजारले समेत मार्जिन कारोवार सुविधा सम्बन्धमा यथाशीघ्र आवश्यक कार्यविधि बनाई बोर्डमा पेश गर्नु पर्ने र सो सम्वन्धमा बोर्डवाट पत्र प्राप्त भए पश्चात लागू गर्नु पर्नेछ । साथै धितोपत्र बजारले मार्जिन कारोबार सम्बन्धमा बोर्डमा विवरण बुझाउनुपर्ने । कारोबार भएको शेयरको जानकारी वेबसाईट मार्फत संप्रेषण गर्नुपर्ने र गुनासो सुन्ने व्यवस्था गर्नुपर्ने इत्यादि निर्देशन दिइएको छ ।

  यसरी निर्देशन दिईएको पृष्ठभूमिमा बोर्डले मार्जिन कारोबार सम्बन्धमा नीतिगत व्यवस्था गरेपश्चात नेप्सेले तयार गरेको उक्त कारोबार सम्बन्धी कार्यविधिमा बोर्डले थप सुधार गर्न दिइएको निर्देशन बमोजिम नेप्सेबाट तयार भएको कार्यविधि कार्यान्वयनका लागि मिति २०७५ जेठ ४ मा नेप्सेलाई निर्देशन दिएको छ ।

**६.२.२ नियम परिपालना प्रतिवेदन बोर्डमा पेश गर्नुपर्ने व्यवस्थाः** धितोपत्र व्यवसायीको नियम परिपालनाको स्थितिलाई सुदृढ बनाउन नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरीङ्ग लि., धितोपत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरले अर्धवार्षिक रुपमा लेखा परीक्षकबाट प्रमाणित नियम परिपालना प्रतिवेदन (Compliance Report) बोर्डमा पेश गर्नुपर्ने व्यवस्था २०७४ कार्तिक १४ मा भएको छ ।

**६.२.३ इन्टरनेटमार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था गर्न निर्देशनः** लगानीकर्ताको हितलाई दृष्टिगत गरी धितोपत्रको कारोबार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो, छरितो र लगानीकर्ता मैत्री बनाउन तथा धितोपत्र दलाल व्यवसायीको कार्यालयमा रहने कारोबार सम्बन्धी अभिलेखलाई अझ व्यवस्थित र नेप्सेद्वारा स्वीकृत सुदृढ गर्न हाल उपयोग गरिरहेको नेप्सेद्वारा ब्रोकर व्याक अफिस सफ्टवेरमा इन्टरनेटमार्फत प्राप्त धितोपत्र कारोवार गर्न खरिद बिक्री आदेश दिने व्यवस्था गर्न यस बोर्डबाट मिति २०७३ फागुन २६ मा परिपत्र गरेको थियो । यस सन्दर्भमा धितोपत्र दलाल व्यवसायी, हाल प्रयोगमा रहेको ब्रोकर व्याक अफिस प्रणाली प्रदायक कम्पनीहरु तथा लगानीकर्ता संघहरुसँग विभिन्न चरणमा विस्तृत छलफल गरिएको र उक्त छलफलबाट प्राप्त सुझाव अनुरुप हाल प्रयोगमा रहेको ब्रोकर व्याक अफिस सफ्टवेरमा आवश्यक सुधार गरी उक्त सुविधा समावेश गरिएको जानकारी बोर्डमा प्राप्त भएको सन्दर्भमा इच्छुक लगानीकर्ताहरुका लागि २०७५ साल बैशाख देखि इन्टर नेटमार्फत धितोपत्र खरिद विक्रीको लागि आदेश दिन सक्ने व्यवस्था गर्न धितोपत्र दलाल व्यवसायीलाई परिपत्र गरिएको थियो छ । यस अनुसार केही धितोपत्र दलाल व्यवसायीहरुले तोकिएको समयदेखि नै सो सेवा लगानीकर्तालाई प्रदान गर्न थालेका छन् ।

**६.२.४ धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ बनाई लागू गरिएको :** धितोपत्र बजारको सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी, व्यवस्थित र अन्तर्राष्ट्रिय

मूल्य मान्यता अनुरूप बनाउन बोर्डले २०७४ भाद्र ४ मा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ बनाई लागू गरेको छ । उक्त दिग्दर्शनमा मुख्य रूपमा गैरस्थलगत र स्थलगत सुपरिवेक्षणको प्रकृया, सुपरिवेक्षण सम्बन्धी विषयवस्तुहरू, सुपरीवेक्षकको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा उत्तरदायित्वका साथै सुपरीवेक्षकको आचारसहिंता समावेश गरिएको छ ।

## ६.३ कानूनी प्रवलीकरणमा भएका सुधार तथा कारवाही

पछिल्लो समय बोर्डले कानून प्रवलीकरणलाई थप सुदृढ बनाउँदै लगेको छ भने कानूनी व्यवस्था अनुसार आर्थिक जरिवाना सहित कारवाहीलाई अगाडि बढाएको छ। समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको प्रचलित कानूनी व्यवस्थामा संशोधन तथा थप नयाँ कानूनी व्यवस्था बनाई लागू समेत गरेको छ साथै केही विशेष कारवाही समेत गरेको छ।

६.३.१ **वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू:** नेपाल सरकारले मिति २०७४ भाद्र ११ मा लागू गरेको वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ कार्यान्वयनका लागि बोर्डले तीन महिनाभित्र यस सम्बन्धी नियमावली बनाउनुपर्ने व्यवस्था अनुरुप बोर्डले मिति २०७४ मंसिर ९ मा वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ बनाई लागू गरेको छ। यस नियमावलीमा वस्तु बजार सञ्चालन गर्न चाहने संस्थाले बोर्डबाट अनुमति लिनुपर्ने, उक्त संस्थाको पूँजी, पूर्वाधार, शेयरधनीको योग्यता, कारोबार हुने वस्तुहरू, विवरण पत्र पेश गर्नुपर्ने, लगानीकर्ता संरक्षण कोष र सेटलमेन्ट ग्यारेन्टी फण्ड स्थापनाका साथै वस्तु विनिमय बजारको अनुमति पत्र निलम्बन, खारेजी, नगद वा कैद जरिवाना सम्बन्धी व्यवस्थाहरू राखिएको छ। यस सम्बन्धी प्रगति विवरण बुँदा नं ५ मा राखिएको छ।त

६.३.२ **सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७४ जारी:** सूचीकृत संगिठत संस्थाहरूको कामकारवाहीलाई नियमित तथा व्यवस्थित गरी शेयरधनी लगायत

सम्पूर्ण सरोकारवालाहरू प्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन २०७४ माघ २५ मा सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ जारी गरिएको छ। यस निर्देशिकामा सूचीकृत संस्थाको सूचना तथा जानकारी प्रवाह, सञ्चालक समिति, सञ्चालकको आचरण, संस्थाको हित विपरित कार्य गर्न नहुने, संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली, संगठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था, संस्थाको लेखा तथा लेखा परिक्षण, सूचीकृत कम्पनीले गर्न नहुने कार्यसहित संस्था सञ्चालन सम्बन्धी व्यवस्थाहरू समावेश गरिएको छ। उक्त निर्देशिका आगामी २०७५ श्रावणदेखि लागू हुनेछ। सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:

- **सूचना तथा जानकारी प्रवाह** : संस्थाले सूचना तथा जानकारी प्रवाह गर्दा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ढाँचाको अनुसरण गर्न प्रोत्साहित गर्दै संस्थाको पूँजी तथा सेयरको संरचना, वित्तीय अवस्था तथा प्रचलित कानून बमोजिम सार्वजनिक गर्नु पर्ने सूचना, विवरण इत्यादि नियमित रूपमा सार्वजनिक गर्नु पर्ने।

- **सञ्चालक समिति** : सञ्चालकहरूको नियुक्ति वा मनोनयन कम्पनी सम्बन्धी प्रचलित कानूनको अधीनमा रही संस्थाको साधारण सभाले गर्ने र सञ्चालकको कार्यकाल बढीमा चार वर्षको हुने, सञ्चालक समितिमा साधारण सभाबाट संस्थाको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको व्यक्तिलाई स्वतन्त्र सञ्चालक नियुक्त गर्नु पर्ने र सञ्चालक समितिमा एकाघर परिवारबाट एकभन्दा बढी सञ्चालक नियुक्त भएमा बार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्ने।

- **सञ्चालकको अयोग्यता** : धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको, कुनै सञ्चालक, महाप्रबन्धक

वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले ऐनको दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पूरा नभएको, धितोपत्रको सार्वजनिक निष्काशन गरी ऐन बमोजिम पेश गर्नु पर्ने विवरण वा जानकारी पेश नगरी सञ्चालनको अवस्था अज्ञात रहेको संस्थाको पदाधिकारी रहेको संचालकको लागि अयोग्य हुने ।

- **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** साना लगानीकर्ताको हित संरक्षण गर्न  गराउन विशेष जोड दिइएको छ र असल संस्थागत सुशासन र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने व्यक्तिलाई सञ्चालक समितिले अध्यक्षको रूपमा नियुक्त गर्नु पर्ने ।

- अध्यक्ष र कार्यकारी प्रमुख अलग अलग व्यक्ति हुनु पर्ने ।

- बैठक भत्ता तथा अन्य सुविधा संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुने ।

- **संचालकको आचरणः** प्रत्येक सञ्चालक नियुक्त भएको पन्ध्र दिनभित्र संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण, निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण, र अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरणको लिखित जानकारी संस्थालाई गराउनु पर्ने ।

- **संस्थाको हित विपरीत कार्य गर्न नहुनेः** सञ्चालक आफूसँग वित्तीय स्वार्थ रहेको कुनै पनि कारोबारमा संलग्न नहुने, सञ्चालकले कुनै पनि प्रयोजनको लागि संस्थाको वित्तीय स्वार्थ रहेका सेयरधनी वा निजको एकाघर परिवारको स्वामित्वमा रहेको वा निजहरूको फर्म तथा कम्पनीसँग घर भाडामा लिई कारोबार गर्न नपाउने र कुनै व्यक्ति सञ्चालकको पदमा बहाल

रहुन्जेल अन्य कुनै संस्थाको लेखा परीक्षक, सल्लाहकार, कार्यकारी प्रमुख, कर्मचारी, बीमा सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता वा तेस्रो पक्ष सहजकर्ता भई कार्य गर्न नपाउने व्यवस्था गरिएको छ ।

- **जोखिम व्यवस्थापनः** सम्भावित सङ्गठनात्मक तथा आर्थिक जोखिमलाई न्यूनीकरण गर्न जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्ने र सो समितिमा संस्थाको जोखिम व्यवस्थापनको ढाँचा तथा नीतिहरूको पुनरावलोकन गर्ने काममा स्वतन्त्र सञ्चालकलाई समेत सहभागी गराउनु पर्ने ।

- **आन्तरिक नियन्त्रण प्रणाली :** प्रत्येक संस्थाले कम्पनीको पूँजीको सञ्चालन तथा व्यवस्थापनका विषयमा, कम्पनीका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतको निजी स्वार्थ वा सरोकार बाझिने गरी काम कारबाही गर्न नहुने सम्वन्धमा, भ्रष्टाचार तथा आर्थिक अनियमिता नियन्त्रणको सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने ।

- **परिपालन (कम्प्लाइन्स) अधिकृतः** संस्थाले व्यवस्थापन, वाणिज्यशास्त्र, कानून विषयमा कम्तीमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी कम्तीमा तीन वर्षको कार्यानुभव भएका अधिकृत कर्मचारीलाई परिपालन अधिकृत तोक्नु पर्ने र सो अधिकृतले ऐन, नियम तथा नियमनबाट जारी भएको निर्देशनहरु संस्थाबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्ने र पालना भएको वा नभएको बारे वार्षिक प्रतिवेदनमा उल्लेख गरी लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने ।

- **लेखापरीक्षण :** संस्थाले सम्पूर्ण आय व्ययको लेखा, लेखाका मान्य सिद्धान्त बमोजिम दुरूस्त रूपमा लेखा राख्नु पर्ने तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालक सहित तीन जना सदस्य रहेको एक स्वतन्त्र लेखापरीक्षण समितिको गठन गर्नु पर्ने ।

- **सूचीकृत सङ्गठित संस्थाले गर्न नहुने कार्यः** सूचीकृत सङ्गठित संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिन वा दिन नहुने, वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी वा संस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदातासँग साझेदारीमा कुनै सम्पत्ति जोड्न नहुने तथा सम्पत्तिको अनधिकृत रूपमा भोगचलन गर्न नपाउने जस्ता व्यवस्थाहरु गरिएको छ ।
- तलब, भत्ता इत्यादि सम्बन्धमा संस्थाले सम्बन्धित कर्मचारीलाई पूर्व जानकारी गराउनु पर्ने,
- खरिद प्रकृयालाई व्यवस्थित र पारदर्शी वनाउन प्रत्येक संस्थाले खरिद कार्यवधि बनाई लागू गर्नु पर्ने,
- प्रत्येक संस्थाले संस्था सम्बन्धी कानून र त्यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका विषयमा आफ्ना सञ्चालकहरूलाई जानकारी दिन वार्षिक रूपमा सिकाई तथा पुर्नताजगी कार्यक्रम सञ्चालन गर्नु पर्ने, सञ्चालक समितिले सञ्चालक तथा संस्थामा कार्यरत कर्मचारीको सम्बन्धमा आचरण सम्बन्धी संहिता बनाई लागू गर्नु पर्ने ।

६.३.३ **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ जारीः** धितोपत्र व्यवसायमा संलग्न सवैलाई जिम्मेवार बनाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई निरुत्साहित तथा नियन्त्रण गर्ने उद्देश्यले साविकको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ खारेज गरी बोर्डबाट नयाँ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ बनाई २०७५ वैशाख १ गतेबाट लागू हुने गरी मिति २०७४ चैत २९ मा निर्देशिका जारी गरिएको थियो ।

६.३.४ **बोर्ड सदस्यमा आचारसंहिता:** बोर्डले आफ्नो बोर्ड सदस्यहरूको लागि २०७४ साउन १९ मा नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४ बनाई लागू गरेको छ । आचारण तथा व्यवहार, इमान्दारीता तथा गोपनियता, वित्तीय अनुशासन, पदको दुरूपयोग, कार्य जिम्मेवारी अनुसार कार्य सम्पादन गर्नुपर्ने, दान, उपहार, चन्दा आदि प्राप्त गर्न तथा सापटी लिन नहुने, शेयरमा लगानी गर्न नहुने, सञ्चार माध्यमसँगको सम्बन्ध, बोर्डका कामकाज वा समाचार प्रकाशन गर्न नहुने लगायतका व्यवस्थाहरू आचारसंहितामा उल्लेख गरिएको छ साथै आफ्नो कार्यकालभरी बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थामा संस्थागत शेयर र दोस्रो बजारमा लगानी गर्न नपाउने व्यवस्थासहित आचारसंहिता लागू गरिएको छ । यसअघि बोर्डमा सुशासनको अवस्थामा सुधार ल्याई समग्र धितोपत्र बजारमा सुशासनको अवस्थालाई सुदृढ तुल्याउने उद्देश्यले बोर्डका कर्मचारीहरूको आचारण र व्यवहार व्यवस्थित गरी आफ्नो पदीय जिम्मेवारी प्रति उत्तरदायी एवं संवेदनशील बनाउन नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवाशर्त नियमावली, २०६८ को नियम १२८ ले दिएको अधिकार प्रयोग गरी २०७३ चैत ४ देखि लागू हुने गरी नेपाल धितोपत्र बोर्डका कर्मचारीहरूको आचारसंहिता, २०७३ जारी गरिएको थियो ।

६.३.५ **सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा धितोपत्र सम्बन्धी ऐन अनुसार धितोपत्र दलाल व्यवसायीहरुलाई आर्थिक जरिवाना सहित कारवाही:** सूचीकृत जलविद्युत कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट भएको तहकिकातको प्रतिवदेन अनुसार २०७४ पुष २१ मा धितोपत्र दलाल व्यवसायी श्री अग्रवाल सेक्युरिटिज प्रा.लि. र श्रीहरि सेक्युरिटिज प्रा.लि.लाई सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार क्रमशः रू. १०/१० लाख जरिवाना गर्नुका साथै ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेको पाइएकोले धितोपत्र सम्बन्धी ऐन बमोजिम माथि उल्लेखित दुवै दलाल व्यवसायीका सम्बन्धित कार्यकारी प्रमुखलाई रू.५०/५० हजार जरिवाना गरिएको छ । साथै ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखेकोमा

श्री सिप्रबी सेक्युरिटिज प्रा. लि. लाई समेत रू. ५० हजार जरिवाना गरिएको छ भने सो संस्थाका सम्बन्धित कार्यकारी प्रमुखलाई उक्त अभिलेख राख्न ध्यान नपुऱ्याएकोमा नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को व्यवस्था बमोजिम सचेत गराइएको छ। साथै, व्यावसायिक आचरण पालना नगरेको पाइएकोले मिति २०७४ पुष १४ मा धितोपत्र दलाल व्यवसायी श्री प्रज्ञान सेक्युरिटिज प्रा.लि. लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार रू.७५ हजार आर्थिक जरिवाना समेत बोर्डबाट गरिएको छ।

६.३.६ **हितग्राही तथा ग्राहक परिचय विवरणमा त्रुटि गर्ने निक्षेप सदस्य-धितोपत्र दलाललाई जरिवानासहित कारवाही :** धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्ने, निक्षेप सदस्यले हितग्राहीसँग सम्झौता गरेपछि मात्र धितोपत्र खाता खोल्ने, हितग्राही खाता खोल्नुभन्दा अगाडि बोर्ड/केन्द्रीय निक्षेप कम्पनीले निर्धारण गरे बमोजिमको लगानीकर्ता पहिचान प्रकृया पूरा गर्नु पर्ने तथा ग्राकहको सही रुपमा पहिचान तथा सो को सम्पुष्टि भरपर्दो स्रोतवाट कागजात तथ्याङ्क वा जानकारीका आधारमा खाता खोल्ने वा व्यवसायिक सम्वन्ध स्थापना गर्नु पर्नेमा धितोपत्र दलाल/निक्षेप सदस्य लिन्च स्टक मार्केट लि. ले झुठा विवरणको आधारमा डिपि एकाउन्ट खोली शेयर कारोवार गरेको सम्बन्धमा बोर्डमा उजुरी परी बोर्डबाट सो सम्बन्धमा छानविन गरिएको। छानविन पश्चात लिन्च स्टक मार्केट लि. ले हितग्राही खाता खोल्दा प्राप्त विवरण तथा कागजातको आवश्यक जाँचवुझ गरेको नदेखिएको र ग्राहक परिचय विवरणमा त्रुटि देखिएकोले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) व्यवस्था पालना गरेको नदेखिएकोले सो कम्पनीलाई बोर्डबाट ५० हजार रुपैया आर्थिक जरिवाना गरिएको छ।

६.३.७ **मर्चेन्ट बैंकर र धितोपत्र दलाल व्यवसायीलाई सचेत गराएको:** मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायी आवद्ध पदाधिकारी तथा कर्मचारीहरुबाट समय समयमा विभिन्न छापा, अनलाइन एवं

अन्य सञ्चार माध्यममार्फत् शेयर मूल्य घटबढ हुँदैछ भन्ने प्रकारका अभिव्यक्ति, अर्न्तवार्ता, लेख तथा समाचार सम्प्रेषण गर्ने गराउने तथा सो मार्फत् अस्वाभाविक रुपमा शेयर बजार घटबढ गराउन अनुचित सहयोग गरेको भन्ने बारे बोर्डमा प्राप्त गुनासाहरुको सम्बोधन गर्दै उक्त कार्य धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७ (ग) बमोजिम बदनियतसाथ झुटा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा प्रकाशित गर्ने गरेको ठहरिनुका साथै धितोपत्र दलाल व्यवसायीले पालना गर्नुपर्ने व्यवसायिक मर्यादा सम्बन्धी निर्देशिका, २०५८ को समेत बर्खिलाप हुने देखिएकोले यस प्रकारका कार्यहरु नगर्न र नगराउन २०७४ कार्तिक २७ मा निर्देशन दिइएको छ ।

## ६.४ अन्य सुधार तथा गतिविधिहरुको प्रगति (अध्ययन तथा अनुसन्धान, प्रकाशन, पूँजी बजार प्रर्दशनी, विश्व लगानीकर्ता सप्ताह आदि)

यस अवधिमा बोर्डले गरेका अन्य सुधार तथा विकासका कार्यहरु देहाय बमोजिम रहेका छन्ः

**६.४.१ नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंक बीच सूचना आदान प्रदान सम्झौताः** बोर्डले २०७४ कार्तिक २० मा बैंकिङ्ग सूचना आदान प्रदान तथा पारस्परिक सहयोगसम्बन्धी नेपाल राष्ट्र बैंकसँग द्विपक्षीय समझदारी तथा सहयोग सम्झौता गरेको छ । धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को सिद्धान्त तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम IOSCO को एशोसियट सदस्य भैसकेको बोर्डले साधारण सदस्यता प्राप्त गर्न धितोपत्र बजारमा हुने कारोबार तथा अन्य गतिविधि सम्बन्धी कसुरको खोज तथा अनुसन्धानका लागि बैकिङ्ग अभिलेखमा पहुँच हुनुपर्ने प्रावधान भएकोले बोर्ड र नेपाल राष्ट्र बैंक बीच उक्त समझदारी भएको हो । यसबाट कानूनी प्रवलीकरण सुदृढ भई धितोपत्र बजार थप

स्वच्छ, पारदर्शी र विश्वसनीय हुने साथै यस सम्झौताबाट IOSCO को साधारण सदस्यता लिने कार्यमा केही सहजता हुने भएको छ ।

६.४.२ **विश्व लगानीकर्ता सप्ताह सञ्चालन:** बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तराष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्य भैसकेको परिप्रेक्ष्यमा IOSCO ले २०१७ अक्टोबरमा विश्व लगानीकर्ता सप्ताह (World Investors Week) मनाउन आव्हान गरे अनुरुप बोर्डले पहिलो पटक लगानीकर्ता सप्ताह मनाउने क्रममा लगानीकर्ताहरुका लागि विभिन्न पाँच राष्ट्रिय दैनिक पत्रपत्रिका तथा एक अनलाइन सञ्चार माध्यममार्फत् सन्देशमुलक सामग्रीहरुको प्रकाशन, सञ्चार माध्यममार्फत् धितोपत्र बजार सम्बन्धमा बोर्ड अध्यक्ष, धितोपत्र बजार विज्ञ तथा लगानीकर्ता वीच दुई वटा अन्तर सम्वाद कार्यक्रम र एक वटा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरी लगानीकर्ताहरूलाई सुसूचित गराउने कार्य गरेको छ ।

६.४.३ **अधिकृत तथा सहायक श्रेणीमा थप १३ कर्मचारीको स्थायी नियुक्ती:** बोर्डले आफ्नो संस्थागत एवं नियमन क्षमतामा समयानुकुल अभिबृद्धि गर्ने क्रममा संवैधानिक व्यवस्था अनुरुप लोक सेवा आयोग मार्फत् अधिकृत तथा सहायक श्रेणीमा थप १३ कर्मचारीको स्थायी नियुक्ती गरी दक्ष जनशक्ति थप गरेको छ । नवनियुक्त कर्मचारीलाई बोर्डले बोर्डको उद्देश्य, काम, कर्तव्य र अधिकार, संस्थागत संरचना, कार्य पद्धति, धितोपत्र बजार तथा कमोडिटी डेरिभेटिभ्स् बजारको आधारभूत पक्ष, बजार नियमन तथा सुपरिवेक्षण, धितोपत्र बजार सम्बन्धी कानूनी संरचना, लगानीकर्ता शिक्षा तथा प्रशिक्षणको महत्व, धितोपत्रको दोस्रो बजार, केन्द्रीय निक्षेप, राफसाफ तथा फछ्र्यौट सम्बन्धी प्राविधिक पक्ष, धितोपत्र बजारमा भएका अध्ययन अनुसन्धान लगायतका विषयमा मिति २०७४।१०।१७ देखि २०७४।१०।१९ सम्म ३ दिने बृहत अभिमुखिकरण कार्यक्रम संचालन गरेको थियो ।

**६.४.४ बोर्डद्वारा बाढीपिडितलाई राहत प्रदान :** २०७४ भाद्रमा तराईमा आएको वर्षा र बाढीका कारण पूर्व तराई क्षेत्रमा धेरै धनजनको क्षति भएको अवस्थालाई दृष्टिगत गरी बोर्डले २०७४ भाद्र १८ गत्ते प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग स्वरुप रु. ३० लाख प्रदान गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बाढी पहिरो पीडितको राहत तथा उद्धारका लागि रु. ३० लाख बराबरको चेक हस्तान्तरण गरिएको थियो । कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले राहत कोषमा सहयोग गरेकोमा बोर्डलाई धन्यवाद दिनुभएको थियो । यसअघि २०७२ वैशाख १२ मा आएको विनाशकारी भूकम्पका कारण भएको व्यापक जनधनको क्षति भएको समयमा पनि बोर्डले यसप्रकारको सहयोग गरेको थियो ।

**६.४.५ प्रथम पूँजी बजार प्रदर्शनी, २०७५ सम्पन्नः** बोर्डले रजत जयन्ती वर्षको अवसरमा मिति २०७५।०१।२६ र २७ गते प्रथम पूँजी बजारसम्बन्धी प्रदर्शनी, २०७५ आयोजना गरेको छ । नेपालको धितोपत्र बजारको इतिहासमा पहिलोपटक आयोजना गरेको थियो । उक्त प्रदर्शनीमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारसम्बन्धी विविध जानकारी, धितोपत्र व्यवसायी सेवा एवं अन्य सम्बन्धित सेवासम्बन्धी विस्तृत जानकारी, धितोपत्र तथा धितोपत्र बजारसम्बन्धी विविध अध्ययन सामाग्रीहरुको निशुल्क वितरण, धितोपत्र बजार पूर्वाधार, बजार संचालन व्यवस्था, बजार सुधार तथा विकास र आगामी प्राथमिकता सम्बन्धमा छलफल एवं लगानीकर्ता सचेतना अभिबृद्धि कार्यक्रम संचालन भएको थियो । यसमा नेपाल धितोपत्र बोर्ड, बीमा समिति, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., शाख मूल्यांकन संस्था, मर्चेन्ट बैंकर व्यवसायी, धितोपत्र दलाल व्यवसायी, केन्द्रीय निक्षेप सदस्य, आस्वा आवद्ध बैंक तथा वित्तीय संस्था, सूचीकृत कम्पनीहरु, धितोपत्र बजारसम्बन्धी सफ्टवेयर कम्पनीहरु, आर्थिक विद्युतीय संचार माध्यम गरी कुल ११९ स्टलहरु रहेका थिए ।

कार्यक्रममा पूँजी बजारसम्बन्धी अधिकांश विषय वस्तु समेटिने गरी धितोपत्र बजार तथा बजार पूर्वाधार, मर्चेन्ट बैकिङ्ग सेवा तथा शाखा मूल्यांकन सेवा, धितोपत्र बजार सुधारका प्रयास एवं आगामी प्राथमिकता र धितोपत्र दलाल व्यवसाय सेवा विषय शीर्षकमा चार प्राविधिक सत्र समेत सञ्चालन गरिएको थियो। उक्त प्राविधिक सत्र निकै अन्तरक्रियात्मक र उपयोगी भएको लगानीकर्ताको प्रतिक्रिया रहेको थियो।

**६.४.६ रजत जयन्ती वर्ष समापन तथा २६ औं वार्षिकोत्सव कार्यक्रमः** बोर्डले मिति २०७५ जेठ २५ मा रजत जयन्ती वर्ष समापन तथा २६ औं वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको छ। उक्त कार्यक्रममा पूँजी बजार पत्रकारिता पुरस्कार, उत्कृष्ट तीन शोधपत्रलाई पुरस्कृत, बोर्डमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई दीर्घ सेवा पदक र कदर पत्र समेत वितरण गरिएको छ।

**नेपाल धितोपत्र बोर्ड, रजत जयन्ती वर्ष स्मारिका २०७५, पूँजी बजारसम्बन्धी साक्षरता, नेपाल धितोपत्र बोर्ड समाचार रजत जयन्ती वर्ष पूँजी बजार लेख विशेषाङ्क, २०७५ र धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी विशेष कानूनी संग्रह, २०७५** को समेत उक्त कार्यक्रममा विमोचन गरिएको थियो। साथै निकट भविष्यमा रजत जयन्ती वर्षको अवसरमा हुलाक टिकट र रु १०० र रु २५०० को स्मारिका सिक्का निकालिने कार्यक्रम रहेको छ।

**६.४.७ साइबर सुरक्षा सम्बन्धी जानकारी अभिवृद्धि कार्यक्रमः** बोर्डले मिति २०७५ बैशाख २० मा साइबर सुरक्षा सम्बन्धी जानकारी अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको छ। विश्वमा सूचना प्रविधिको द्रुत विकाससँगै डिजिटल उपकरणको प्रयोग बढ्दै गएको सन्दर्भमा सूचना प्रविधिले दैनिक जीवनमा ल्याएको सहजतासँगै साइबर अपराधका घट्नाक्रम पनि बढ्दै गएको सन्दर्भमा बोर्डले आफ्ना कर्मचारीहरुमा सूचना प्रविधिको सुरक्षित उपयोगमा जागरुकता वृद्धि गर्न बोर्डले साइबर सुरक्षा सम्बन्धीकार्यक्रमको आयोजना गरेको हो।

उक्त कार्यक्रममा साइबर सुरक्षामा बिद्यावारिधि गर्नु भएका तथा अमेरिकाको भर्जिनियाको इ.सी.पी.आइ. विश्वविद्यालयका प्रा. डा. रामहरि सुवेदीले प्रशिक्षण दिनुभएको थियो ।

**६.४.८ अध्ययन/अनुसन्धान:** बोर्डले पछिल्लो समय बजार सुधार तथा विकासका क्रममा अध्ययन/अनुसन्धान कार्यलाई प्राथमिकता दिदै आएको छ । समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको विषयमा अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न गरेको छ ।

- नेप्से सूचकांक, ब्याजदर र धितोपत्र आपूर्ति सम्बन्धी संक्षिप्त अध्ययन प्रतिवेदन, २०७४
- Establishment of Securities Market Institue in Nepal: A Concept Paper, 2017
- धितोपत्र बजारको वर्तमान अवस्था, हालसालका सुधार तथा विकास तथा सुधारको प्राथमिकता, २०७४
- विश्वविद्यालय स्तरका धितोपत्र सम्बन्धी अध्ययनलाई पुरस्कृत गर्ने सम्बन्धमा प्रस्ताव, २०७४
- धितोपत्र बजार प्रदर्शनी आयोजना तथा सञ्चालन अवधारणा, २०७४
- धितोपत्र बजार सूचकांक तथा बजार पूँजीकरणको जानकारी प्रवाहमा सुधार सम्बन्धी अध्ययन, २०७५

**६.४.९ प्रकाशन :** समीक्षा वर्षमा बोर्डले रजत जयन्ती वर्षको अवसर पारी देहाय बमोजिमको विशेष प्रकाशन गर्नुका साथै नियमित प्रकाशनलाई समेत निरन्तरता दिएको छ ।

**क. रजत जयन्ती वर्ष प्रकाशन**

- नेपाल धितोपत्र बोर्ड, रजत जयन्ती वर्ष स्मारिका २०७५,
- पूँजी बजारसम्बन्धी साक्षरता,

- नेपाल धितोपत्र बोर्ड समाचार, रजत जयन्ती वर्ष पूँजी बजार लेख विशेषाङ्क, २०७५,
- धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी विशेष कानूनी संग्रह, २०७५,

**ख. नियमित प्रकाशन**

- बोर्डको वार्षिक प्रतिवेदन, आव २०७३।७४ (नेपालीमा)
- बोर्डको वार्षिक प्रतिवेदन, आव २०७२।७३ (अङ्ग्रेजीमा)
- नेपाल धितोपत्र बोर्ड समाचार, द्विमासिक, (अङ्क १२-१६)
- धितोपत्र बजारबारे बारम्बार सोधिने प्रश्नहरु
- नेपाल धितोपत्र बोर्ड, एक परिचय
- Quarterly Securities Market Indicators, Issue 2-4

**६.४.१० छलफल तथा अन्तरक्रिया कार्यक्रम :** बोर्डले पूँजी बजारको विकास तथा विस्तारका सम्बन्धमा लगानीकर्ता, सरोकारवाला तथा पूँजी बजार विज्ञको रचनात्मक सल्लाह तथा सुझावका लागि विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस क्रममा समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो ।

| छलफल तथा अन्तरक्रियाको विषय | कार्यक्रम संचालन गरिएको मिति |
|---|---|
| धितोपत्र दलाल व्यवसायीको नियम पालना अधिकृतको भूमिका सम्बन्धी छलफल कार्यक्रम | २०७४।०५।०२ |
| वस्तु विनिमय बजार नियमावली सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | २०७४।०७।२१ |
| वस्तु विनिमय बजार सम्बन्धी कानुनी व्यवस्था सम्बन्धमा छलफल | श्रावण, २०७४ |
| बोर्डको आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक | २०७४।०५।१५ |

| छलफल तथा अन्तरक्रियाको विषय | कार्यक्रम संचालन गरिएको मिति |
|---|---|
| उच्च अदालतका माननीय न्यायधिशको उपस्थितिमा धितोपत्र बजार नियमन तथा कानूनी व्यवस्था विषयक अन्तरक्रिया कार्यक्रम | २०७४।०९।२८ |
| बोर्डका नवनियुक्त कर्मचारीका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न | २०७४।१०।१९ |
| जिल्ला न्यायधिश, वरिष्ठ कानून व्यवसायी र धितो पत्र बजार विज्ञ वीच अन्तरक्रिया कार्यक्रम | २०७५।०२।०४ |
| आव २०७५।७६ मा धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धमा अपनाइने नीति तथा कार्यक्रम सम्बन्धमा छलफल कार्यक्रम | २०७५।०२।२९ |

## ६.५ बोर्डको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार प्रकृयामा रहेका केही कार्यक्रमहरु

बोर्डको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार प्रकृयामा रहेका केही कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् :

- साना लगानीकर्ताहरुसँग रहेको निश्चित संख्यासम्मको अभौतिकृत हुन बाँकी धितोपत्रलाई बिक्रीको अवसर दिई त्यस्ता धितोपत्रको तरलता अभिबृद्धि गर्न भौतिक धितोपत्र कारोवार गर्ने छुट्टै प्लेटफर्मको विकास गर्ने कार्य अगाडि बढाउने सम्बन्धमा अध्ययन कार्य भैरहेको ।
- देश संघीयतामा गैसकेको परिप्रेक्ष्यमा बोर्डको शाखा कार्यालय पनि विस्तार गर्दै जानुपर्ने देखिएकोले प्रदेश नम्बर ३ बाहेक अन्य प्रदेशमा क्षेत्रीय कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कम्तिमा एक कार्यालय स्थापना गर्ने सम्बन्धमा आवश्यक कार्य अगाडि बढाइएको ।

- बोर्डको लेखा प्रणालीलाई अन्तराष्ट्रिय स्तरको बनाउन NFRS लागू गर्न प्रथम चरणमा Accounting Mannual तयार गर्ने तथा बोर्डको दायित्व निर्धारण सम्बन्धमा Actuarial Valuation गर्ने कार्य बाँकी रहेको ।
- धितोपत्र व्यवसायीहरुको आन्तरिक तथ्याकं व्यवस्थापनलाई प्रभावकारी बनाउन तथ्याकं व्यवस्थापन प्रणाली खरिद गर्ने तथा धितोपत्र कारोवार सुपरिवेक्षण प्रणालीको लागि अध्ययन कार्य अगाडि बढाउने कार्य भैरहेको ।
- धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकरण भएका तर हाल संचालनको अवस्था अज्ञात रहेका कम्पनीहरुका साथै सूचीकरण खारेज भएका कम्पनीहरुको स्थितिको अध्ययन कार्य अगाडि बढाउने कार्य बाँकी रहेको ।
- Municipal Bond निष्काशनसम्बन्धी आवश्यक व्यवस्था तथा ऋणपत्र र अग्राधिकार शेयर बजार विकासको लागि अवलम्वन गरिनुपर्ने प्रोत्साहनमूलक नीतिका सम्बन्धमा अध्ययन कार्य भैरहेको ।

***

# भाग-दुई

# आव २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम

बोर्डबाट पहिलोपटक आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक रुपमा घोषणा गरी प्रकाशन गर्न शुरुवात गरेको छ । वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ अनुसार वस्तु विनिमय बजार समेतको नियमन गर्ने जिम्मेवारी बोर्डले पाएको छ । यस परिप्रेक्ष्यमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका लागि आव २०७५।७६ मा सम्पन्न गर्नुपर्ने विभिन्न विकासात्मक तथा नियमित कार्यक्रमहरु समावेशगरी आ.व.२०७५।७६ धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम प्रकाशन गरेको छ ।

## १.१ नीति तथा कार्यक्रमको लक्ष्य

आव २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नीति तथा कार्यक्रमले **नेपालको धितोपत्र र वस्तु विनिमय बजारलाई विकास तथा विस्तार गर्दै स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई सर्वसाधारणको पहुँच बढाउने उद्देश्य** लिई बोर्डले देहाय बमोजिमको लक्ष्यहरु तोकेको छ :

- धितोपत्र तथा वस्तु विनिमय बजारको प्रभावकारी नियमन, सुपरिवेक्षण तथा व्यवस्थापनका लागि आवश्यक कानूनी संरचनाको विकास तथा सुदृढीकरण गर्ने,
- बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि गर्ने,
- बजार पूर्वाधार, लगानी उपकरण आदिमा सुधार तथा विकास गर्ने तथा एक नेपाली एक डिम्याट खातालाई अभियानको रुपमा संचालन गर्ने,

- बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गर्ने,
- बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिवृद्धि गर्ने,
- बजार विकास तथा विस्तारका लागि आवश्यक अध्ययन/अनुसन्धान गर्ने,
- प्रदेश स्तरमा समेत बजारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

## १.२ नीति तथा कार्यक्रमका आधारहरु

बोर्डले आव २०७५।७६ को नीति तथा कार्यक्रम देहायका आधारमा तर्जुमा गरेको छ :

- नेपाल सरकारले आव २०७५।०७६ का लागि जारी गरेको पूँजी बजारसम्बन्धी नीति तथा कार्यक्रम र आव २०७५।०७६ का लागि प्रस्ताव गरेको बजेट वक्तव्यमा समावेश भएको पूँजी बजारसम्बन्धी कार्यक्रमहरु,
- नेपाल सरकारको १४ औं योजनामा समावेश आव २०७५।०७६ मा सम्पन्न हुनुपर्ने पूँजी बजारसम्बन्धी नीति तथा कार्यक्रम,
- पाँच वर्षीय वित्तीय क्षेत्र विकास रणनीतिमा समावेश आव २०७५।०७६ मा सम्पन्न हुनुपर्ने कार्यक्रमहरु,
- आव २०७४।०७५ मा संसदबाट पारित भएको वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ र वस्तु विनिमय बजारसम्बन्धी नियमावली, २०७४ बमोजिम बोर्डलाई थप हुन गएको नियमन जिम्मेवारी,
- आव २०७४।७५ को नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था,
- विगतको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, पहिलो पूँजी बजार प्रदर्शनी र देशव्यापी रुपमा संचालन गरेको लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम, देशको वर्तमान प्रादेशिक संरचना, बोर्डको आव २०७५।७६ को नीति तथा कार्यक्रमका सम्बन्धमा पूँजी बजार विज्ञ तथा सरोकारवालापक्षहरुसँग भएको छलफल/अन्तरक्रियामा प्राप्त

बजार सुधार तथा विकाससम्बन्धी राय सुझाव र बजार नियमनसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरु ।

## १.३ नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरु

आव २०७५।७६ को नीति तथा कार्यक्रमलाई विकासात्मक र नियमित दुई किसिमले विभाजन गरी प्रत्येकलाई छुट्टाछुट्टै विषयगतरुपमा प्रस्तुत गरिएको छ । विकासात्मक कार्यक्रमका प्रमुख विशेषताहरु देहाय बमोजिम रहेका छन् :

- **कानूनी संरचनाको विकास तथा सुदृढीकरण** विषयमा बजारको नियमन तथा सुपरिवेक्षण सम्बन्धी बढ्दै गएको चुनौतीलाई संबोधन गर्न धितोपत्रसम्बन्धी नयां ऐन तथा ट्रष्ट ऐन तर्जुमा गर्ने र भित्री कारोवार बन्देज नियमावली तथा गाभ्ने तथा गाभिनेसम्बन्धी नियमावली बनाई लागू गर्ने र बजार सम्बन्धी आवश्यक विभिन्न निर्देशिकाहरु तर्जुमा गर्ने जस्ता कार्यक्रमहरु रहेका छन् ।
- **बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि** विषयमा बोर्डको सूचना प्रबिधि नीति कार्यान्वयन गर्ने, बोर्डको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने, बोर्डको नयाँ संगठन संरचना बनाई सोही अनुसारको जनशक्ति व्यवस्था गर्ने तथा अन्तर्राष्ट्रिय आबद्धता बढाउने, धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स बजारसम्बन्धी शार्क स्तरको कार्यक्रम आयोजना गर्ने, बोर्डको प्रादेशिक कार्यालयको व्यवस्था गर्ने कार्यक्रमहरु रहेका छन् ।
- **बजार पूर्वाधारमा सुधार तथा विकास विषयमा एक नेपाली एक डिम्याट खाता**लाई नेपाल भरी अभियानको रुपमा संचालन गर्ने, धितोपत्र बजार तथा सेवासम्बन्धी पूर्वाधारहरुलाई थप स्तरीय एवं विश्वसनीय बनाउने, वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा प्रवेश गराउने २०७५।७६ लाई विशेष वर्ष बनाउने तथा खुलामुखी सामूहिक लगानी योजनालाई बजार

प्रवेश गराउने, बोनश शेयर तथा हकप्रद शेयरको घोषणा तथा यससम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउने, भुक्तानी सुनिश्चित कोष स्थापना तथा संचालन गराउने, Equity Derivatives Market को शुरुवात गर्ने, वस्तु विनिमय बजारको प्रतिस्पर्धी एवं गुणात्मकरुपमा संचालन गराउने कार्यक्रमहरु रहेका छन् ।

- **बजार सुपरिवेक्षण व्यवस्थामा सुधार** विषयमा स्टक एक्सचेञ्ज तथा सिडिएससीले गर्ने धितोपत्र बजार सहभागीहरुको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउने, सूचना तथा जानकारी प्रवाहको सुदृढ व्यवस्था गर्ने, नियम परिपालना प्रतिवेदनको ढाँचा विकास गरी कार्यान्वयन गर्ने कार्यक्रमहरु रहेका छन् ।
- **बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि** विषयमा सूचना प्रविधिको बढी प्रयोग हुने सेवा व्यवसायीहरुको प्रणाली संपरीक्षण (System Audit) गराउने, सहभागीहरुको बजार सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउने, बजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी प्रवाहको व्यवस्था गर्ने, बजार सहभागीहरुको नियम परिपालनामा सुधार ल्याउने, धितोपत्र बजार गतिविधिहरुका सम्बन्धमा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने, बजार सहभागीहरुका गतिविधिहरुलाई Digitalised गर्दै लैजाने, धितोपत्र व्यवसायीहरुको वर्गीकरण गर्ने, संस्थागत लगानीकर्तालाई पूँजी बजारमा लगानी तथा सक्रियताका लागि आवश्यक सहजीकरण गर्ने, कर्मचारीहरुको वृत्ती विकास गर्ने कार्यक्रमहरु राखिएका छन् ।
- **अध्ययन/अनुसन्धान** विषयमा नगरपालिका ऋणपत्र निष्काशन, Equity Derivatives Market, संस्थागत लगानीकर्ताको पूँजी बजारमा प्रवेश, स्वचालित बजार सुपरिवेक्षण प्रणालीको स्थापना, धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणको व्यवस्था, विवाद समाधानको लागि ट्रिव्युनलको आवश्यकता व्यवस्था आदिमा अध्ययन/अनुसन्धान गर्ने/गराउने कार्यक्रमहरु रहेका छन् ।

- **प्रशिक्षण तथा जनचेतना अभिबृद्धि** विषयमा प्रादेशिक पुँजी बजार प्रर्दशनीको आयोजना गर्ने, धितोपत्र तथा फ्यूचर्स बजार प्रशिक्षण संस्था, आर्थिक पत्रकारहरुलाई तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना, स्थानीय स्तरमा निरन्तर जनचेतना अभिबृद्धि कार्यक्रम संचालनको व्यवस्था, पूँजी बजारसम्बन्धी पाक्षिक रेडियो कार्यक्रम संचालनको व्यवस्था, समसामयिक विषयमा सेमिनार तथा अन्तरक्रिया, विश्वविद्यालय तथा उच्च माध्यमिक विद्यालयका सम्बन्धित विषयको पाठ्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउने कार्यक्रमहरु रहेका छन् ।
- **माथि प्रस्तुत विकासात्मक नीति तथा कार्यक्रमका अतिरिक्त नियमित कार्यक्रमहरु समेत प्रस्तुत नीति तथा कार्यक्रममा** समावेश गरिएको छ । नियमित कार्यक्रमहरुमा मुख्यतः धितोपत्रहरु दर्ता तथा निष्काशन स्वीकृति र व्यवसाय संचालन अनुमति तथा विनियावली स्वीकृति, बजार अनुगमन, सुपरिवेक्षण तथा कारवाही, नीति तथा कार्यक्रम तयारी तथा प्रगति पुनरावलोकन, नेपाल सरकारलाई पूँजी बजार सुधार तथा विकासका लागि राय/सुझाव, गुनासा समाधान, लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र अध्ययन/अनुसन्धानमा प्रोत्साहन तथा व्यावसायिकता विकास रहेका छन् ।

## १.४ विकासात्मक नीति तथा कार्यक्रम

बोर्डका विकासात्मक नीति तथा कार्यक्रमहरुलाई विभिन्न सात उपशीर्षकमा विभाजन गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ :

### १.४.१ कानूनी संरचनाको विकास तथा सुदृढीकरण

१. धितोपत्र बजारको सशक्त नियमन निकायको रुपमा विकास गर्न तथा धितोपत्र बजारको नियमन व्यवस्थालाई थप प्रभावकारी बनाउन धितोपत्र सम्बन्धी नयाँ ऐन तर्जुमा गरी विधायन प्रक्रियाका लागि पेश गर्ने ।

२. धितोपत्र बजारको स्थायित्व तथा दीर्घकालीन विकासका लागि आवश्यक ट्रष्ट ऐन तर्जुमा गरी नेपाल सरकारमा प्रस्तुत गर्ने साथै धितोपत्रको सूचीकरण तथा कारोबार नियमावली, २०७५ बनाई लागू गर्ने ।

३. नेपाल सरकारको आव २०७५।७६ प्रस्तावित बजेट कार्यक्रममा प्राइभेट इक्यूटी, भेञ्चर क्यापिटल र हेज फण्ड लगायतका नयां संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गराइनेछ भन्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयका लागि यस्ता संस्था तथा औजारमार्फत् स्वदेशी तथा गैरआवासीय नेपाली लगायत वैदेशिक पूँजी समेत परिचालन हुनसक्ने गरी वैकल्पिक लगानी कोष नियमावली बनाई लागू गर्ने ।

४. भित्री सूचनाका आधारमा हुने कारोवारलाई निरुत्साहित गरी धितोपत्रको दोस्रो बजार कारोवारलाई विश्वसनीय बनाउन भित्री कारोवार बन्देज नियमावली बनाई लागू गर्ने ।

५. सूचीकृत कम्पनी तथा धितोपत्र व्यवसायीहरु एक आपसमा गाभ्ने तथा गाभिनेसम्बन्धी नियमावली तर्जुमा गर्ने ।

६. धितोपत्रमा लगानी गर्ने विभिन्न लगानी कम्पनीहरुलाई नियमनको दायरामा ल्याउन आवश्यक व्यवस्था गर्ने ।

७. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी गतिविधिमार्फत् सम्पत्ति शुद्धीकरण नहुने व्यवस्था गर्न सम्पत्ति शुद्धीकरण सुपरिवेक्षण म्यानुअल (Supervision Manual) बनाई लागू गर्ने ।

८. वस्तु विनिमय बजारको नियमन जिम्मेवारीसमेत बोर्डलाई प्राप्त भएकाले वस्तु विनिमय बजार संचालन तथा वस्तु कारोबार व्यवसायी सम्बन्धी आवश्यक नियम तथा निर्देशिकाहरु तर्जुमा गर्ने ।

## १.४.२ बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि

९. बोर्डको Accounting Manual तयार गर्ने र लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन NFRS लागू गर्ने तथा बोर्डको सम्पत्तिको

मूल्यांकनमा Fair Valuation र दायित्व निर्धारण सम्बन्धमा Actuarial Valuation को व्यवस्था गर्ने ।

१०. बोर्डको आम्दानीको भित्री प्रवाह यथार्थ जानकारी (Revenue Inflows Tracking) कार्यलाई सहज गर्न Budget, Payroll, Finance, Accounting, Store आदिको Interfacing गराउन Integrated Accounting and Revenue Software विकास गर्ने ।

११. वस्तु विनिमय बजारको नियमनको जिम्मेवारीसहित बोर्डको बढ्दो जिम्मेवारीलाई दृष्टिगत गरी बजारको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउनका लागि O & M Survey गरी नयाँ संगठन संरचना बनाई सोही अनुसारको जनशक्ति व्यवस्था गर्दै जाने ।

१२. बोर्डको सूचना प्रबिधि नीति, २०७५ तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१३. बोर्ड तथा बजार सहभागीहरुको सूचना प्रविधि क्षमता अभिबृद्धि गर्ने ।

१४. South Asian Securities Regulators' Forum (SASRF) को सदस्य नेपाल धितोपत्र बोर्डले उक्त संस्था स्थापना गर्न मे २००५ मा समझदारी गरी उक्त संस्थाको स्थापना भई विभिन्न सदस्य नियमन निकायहरुले उक्त संस्थाको बैठक आयोजना गरिसकेको र बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था, IOSCO को एशोसियट सदस्य समेत भैसकेको सन्दर्भमा बोर्डबाट समेत सदस्य राष्ट्रहरुसंग समन्वय गरी बैठक तथा IOSCO को सिद्धान्तहरु र सार्क क्षेत्रको धितोपत्र बजारसम्बन्धी सेमिनार कार्यक्रम आयोजना गर्ने ।

१५. बोर्ड IOSCO को एशोसियट सदस्य भएकोमा उक्त संस्थासँग Multilateral Memorandum of Understanding-MMOU गरी साधारण सदस्यता प्राप्तगरी अन्तर्राष्ट्रिय पूँजी बजार क्षेत्रमा Exposure बढाउने ।

१६. वित्तीय साक्षरता प्रवर्द्धन तथा ज्ञान अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय संस्था OECD अर्न्तगतको International Network of Financial Education - INFE को सदस्यता लिने ।

१७. देश संघीय संरचनामा गई सकेको तथा धितोपत्र बजार हाल देशव्यापी भइरहेको सन्दर्भमा बोर्डको साधन स्रोतको आधारमा प्रदेश नं.३ बाहेक अन्य प्रदेशहरुमा क्रमश: बोर्डको प्रादेशिक कार्यालय स्थापना गर्दै जाने नीति लिने ।

१८. बोर्डले नेपाल राष्ट्र बैंक, बीमा समिति, अर्थ मन्त्रालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा पूँजी बजार विज्ञसमेतको प्रतिनिधित्व रहने गरी पुँजी बजार सुधार तथा विकास सल्लाहकार समिति गठन गर्ने ।

१९. बोर्डको अनुमति तथा स्वीकृतिका क्रममा रहेका फाइलहरु तथा अन्य कागजातहरुको स्थितिको सहज पहिचान तथा पहुंचका लागि उपयुक्त File Tracking System वनाई लागू गर्ने ।

२०. बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक कार्य अगाडि बढाउने ।

## १.४.३ बजार पूर्वाधारहरुमा सुधार तथा विकास

२१. **एक नेपाली एक डिम्याट खाता**लाई अभियानको रुपमा संचालन गरी नेपालभरी धितोपत्र बजारमा व्यापक जनसहभागीता बढाउने ।

२२. नेपाल सरकारको आव २०७५।७६ का लागि प्रस्तावित बजेट कार्यक्रममा नेपालको क्रेडिट रेटिङ्ग गराई विदेशी लगानी र ऋण प्रवाहलाई सहजीकरण गर्ने कार्यक्रम रहेको सन्दर्भमा क्रेडिट रेटिङ्ग सेवालाई थप स्तरीय एवं विश्वसनीय बनाई बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिने ऋणीहरु तथा स्थानीय स्तरबाट निष्काशन हुने नगरपालिका तथा सहरी विकास ऋणपत्रहरुको समेत शाख मूल्यांकनको लागि आवश्यक समन्वय एवं सहजीकरणको व्यवस्था गर्ने ।

२३. धितोपत्रको प्राथमिक बजार देशव्यापी रुपमा विस्तार भई ७७ जिल्लामा विस्तार भएको परिप्रेक्ष्यमा धितोपत्रको दोस्रो बजार कारोवार सुविधा देशव्यापीरुपमा विस्तार गर्न धितोपत्र बजारमा

अन्तर्राष्ट्रिय स्तरको कारोवार प्रणाली भित्र्याउन, ऋणपत्र बजारलाई प्रभावकारीरुपमा विकास गर्न तथा धितोपत्र बजारलाई प्रतिस्पर्धी एवं गुणात्मकरुपमा अगाडि बढाउन कर्पोरेट मोडलमा नयाँ स्टक एक्स्चेन्जलाई अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया अगाडि बढाउने ।

२४. नेपाल सरकारले वास्तविक क्षेत्रका कम्पनीहरुलाई पब्लिक कम्पनी भई सर्वसाधारणमा शेयर जारी गर्न बाध्यात्मक तथा कर छुटको प्रोत्साहनमूलक व्यवस्था गरेको र बोर्डले हालै लागू गरेको धितोपत्र दर्ता तथा निष्काशन नियमावलीको व्यवस्था अनुसार प्रिमियममा धितोपत्र निष्काशन गर्न सक्ने व्यवस्थासमेत भएकोले आव २०७५।७६ लाई वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजार प्रवेश गराउने विशेष वर्ष बनाई कम्पनी ऐन तथा औद्योगिक नीतिमा सम्बन्धित व्यवस्था समावेश गराउन नेपाल सरकार, अर्थ मन्त्रालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय तथा सहकार्य गर्ने ।

२५. धितोपत्र बजारमा सामूहिक लगानी कोष अन्तर्गत हाल बन्दमुखी योजना मात्र रहेकोमा खुलामुखी योजना प्रवेश गराउने र साथै यसको प्रबर्द्धनमा सहायक कम्पनीमार्फत् बीमा कम्पनीहरुसमेत सहभागी हुनसक्ने व्यवस्था गर्ने ।

२६. अन्तर्राष्ट्रिय अभ्यास तथा धितोपत्र सम्बन्धी ऐन नियम अनुसार हुने गरी नेप्से तथा सिडिएससिको पुर्नसंरचना गर्न सहजीकरण गर्ने, बोर्डको निर्देशनमा धितोपत्र दलाल व्यवसायीमार्फत् ग्राहकको खरिद बिक्री आदेश स्वचालितरुपमा दिने प्रणालीलाई नेप्सेको नयां कारोवार प्रणालीसंग आबद्धगरी धितोपत्रको दोस्रो बजार सेवालाई स्वच्छ, पारदर्शी एवं प्रतिस्पर्धी बनाउदै लैजाने ।

२७. धितोपत्र दलाल व्यवसायी सेवा जिल्ला तथा प्रदेशबाट समेत माग भइरहेको सन्दर्भमा धितोपत्रको दोस्रो बजारको पहुंच विस्तार गरी धितोपत्र बजारमार्फत् स्थानीयस्तरमा रहेको बचत तथा लगानीलाई दीर्घकालीन पूँजी परिचालनको मूल प्रवाहमा ल्याउन आर्थिकरुपमा

सम्भाव्य जिल्ला/स्थानहरुमा धितोपत्र दलाल व्यवसायी सेवा संचालन अनुमति दिने ।

२८. बोनश शेयर तथा हकप्रद शेयरको घोषणा तथा यससम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन र हकप्रद शेयरको हकको निस्सा बोलकबोल (Auction) प्रक्रियामा व्यापक सहभागिता बढाउन आवश्यक व्यवस्था गर्ने ।

२९. धितोपत्रको दोस्रो बजारमा हुने कारोवारको भुक्तानी सुनिश्चितताका लागि आवश्यक भुक्तानी सुनिश्चित कोष (Settlement Guarantee Fund) स्थापना गराउन तथा Auction Market संचालन गराउन आवश्यक सहजीकरण गर्ने ।

३०. हकप्रद शेयरमा खरिदका लागि विद्यमान शेयरधनीहरुलाई प्राप्त हुने हक (Rights) को कारोवार (खरिद बिक्री) को व्यवस्था गरी Equity Derivatives Market को शुरुवात गर्ने ।

३१. वस्तु विनिमय बजार तथा वस्तु कारोबार व्यवसायीबाट प्राप्त निवेदनहरुको अध्ययन गरी बजारको प्रतिस्पर्धी एवं गुणात्मकरुपमा विकास हुने गरी अनुमति दिई बजार संचालन गराउने ।

३२. ओटिसी कारोवारलाई प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन स्वचालित कारोवार प्रणालीको व्यवस्था गर्ने ।

### १.४.४ बजार सुपरिवेक्षण व्यवस्थामा सुधार

३३. धितोपत्र व्यवसायीहरुका लागि जोखिममा आधारित सुपरिवेक्षण (Risk-Based Supervision) को Model विकास गरी सोही अनुसार धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षण कार्य गर्ने ।

३४. नेप्से तथा सिडिएससीको प्रणाली संपरीक्षण (System Audit) गर्ने व्यवस्था शुरु भइसकेकोले यसलाई थप स्तरीय बनाउँदै सूचना प्रविधिको बढी प्रयोग हुने अन्य सेवा प्रदायकको प्रणालीको समेत संपरीक्षण गराउने व्यवस्था गर्ने ।

३५. स्टक एक्सचेञ्ज तथा सिडिएससिले गर्ने धितोपत्र बजार सहभागीहरुको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने ।

३६. धितोपत्र वजार तथा वस्तु विनिमय वजारका विद्यमान तथा संभाव्य लगानीकर्ताहरुलाई बजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी उपलब्ध गराउन सूचना प्रवाह (Information Disclosure) सम्बन्धमा अध्ययन गरी सूचना प्रवाह व्यवस्थामा सुधार गर्ने ।

३७. बोर्डको आव २०७४।७५ को नीति तथा कार्यक्रममा दोस्रो बजारमा लगानी गर्दा स्थायी लेखा नं. (PAN) लाई आव २०७५।७६ देखि अनिवार्य गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने भनिएकोमा दोस्रो बजारमा शेयर खरिद बिक्रीका लागि हाललाई स्थायी लेखा नम्बर (PAN) लिन प्रोत्साहित गर्ने ।

३८. बोर्डको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाई धितोपत्र बजार तथा वस्तु विनिमय सम्बन्धी ऐन नियम तथा निर्देशिकामा भएका व्यवस्थाहरुको परिपालना भए नभएको एकीन गरी परिपालना नगर्ने बजार सहभागीहरुलाई कारवाही प्रक्रिया अगाडि बढाउने ।

३९. वस्तु विनिमय बजारको नियमन जिम्मेवारीसमेत बोर्डलाई प्राप्त भएकाले वस्तु विनिमय बजार संचालन तथा वस्तु कारोबार व्यवसायी सम्बन्धी आवश्यक निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४०. वस्तु विनिमय बजारको सुपरिवेक्षण कार्यलाई दक्ष एवं प्रभावकारी बनाउन वस्तु विनिमय बजार तथा बस्तु कारोवार व्यवसायी सुपरिवेक्षण दिग्दर्शन तर्जुमा गरी लागू गर्ने ।

४१. धितोपत्र व्यवसायीको नियम परिपालना प्रतिवेदनको ढाँचा विकास गरी कार्यान्वयन गर्ने ।

### १.४.५ बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि

४२. धितोपत्र बजार गतिविधि तथा बजार नियमनसम्बन्धी गुनासाहरुका सम्बन्धमा बजार सहभागीहरुको समेतको सहभागीतामा प्रत्येक तीन महिनामा लगानीकर्ताहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

४३. स्टक एक्सचेञ्ज तथा अन्य बजार सहभागीहरुका कामकारवाही तथा गतिविधिहरुलाई क्रमशः Digitalised बनाउदै लैजान आवश्यक व्यवस्था गर्ने ।

४४. धितोपत्र दलाल व्यवसायीमार्फत् हुने मार्जिन ट्रेडिङ्ग कारोवारका लागि दलाल व्यवसायीसंग रु. पाँच करोडको खुद सम्पत्ति हुनुपर्ने व्यवस्था भएअनुसार दलाल व्यवसायीहरुलाई पूँजीको व्यवस्था गर्न लगाई नेप्से तथा धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोवारलाई प्रभावकारी बनाउने ।

४५. धितोपत्र व्यवसायीहरुको स्तर अभिबृद्धि गर्नका लागि पुंजी आधार, व्यवसायिकता, ऐन नियमको परिपालना तथा प्रतिस्पर्धी सेवा लगायत अन्य उपयुक्त परिसूचक तयार गरी सोको आधारमा धितोपत्र व्यवसायीहरुको वर्गीकरण कार्य गर्ने/गराउने ।

४६. पूँजी बजारको गतिशील विकासमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित नागरिक लगानी कोषलाई सहायक कम्पनी स्थापना गरी संस्थागत लगानीकर्ता तथा बजार निर्माताको रुपमा पूँजी बजारमा सक्रिय बनाउन आवश्यक सहजीकरण गर्ने ।

४७. मर्चेण्ट बैंकिङ्ग व्यवसायमा पारदर्शिता तथा जनसहभागिता समेत बढाउने उद्देश्यले मर्चेण्ट बैंकिङ्ग व्यवसायी (मर्चेण्ट बैंकर) हरुका लागि १५ प्रतिशत मात्र सार्वजनिक निष्काशन गरी पब्लिकमा जानसक्ने व्यवस्था गर्ने ।

४८. नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रार कार्यालयको सहकार्यमा बोर्ड तथा कम्पनी रजिष्ट्रार कार्यालय तथा अन्य सम्बन्धित निकायका

पदाधिकारीहरु र एक अर्ब वा सो भन्दा बढीको पूँजीमा स्थापित उत्पादनमूलक कम्पनीहरुका प्रमुखहरु तथा विज्ञहरुलाई सम्लग्न गराई पब्लिक कम्पनी तथा धितोपत्र बजारमार्फत् पूँजी परिचालन सम्बन्धमा छलफल/अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

४९. धितोपत्र व्यवसायीहरुले कर्मचारी नियमावली र आचार संहिता बनाई लागू गर्नुपर्ने व्यवस्था गर्ने र बोर्डले सोको परिपालनाको अनुगमन समेत गर्ने ।

५०. सस्थागत विकास-विस्तारका लागि जनशक्ति तथा सामाजिक उत्तरदायित्वको महत्वलाई दृष्टिगत गरी स्टक एक्सचेञ्ज, केन्द्रीय निक्षेप सेवा तथा धितोपत्र व्यवसायीहरुले आफ्नो वार्षिक आम्दानीको एक निश्चित प्रतिशत रकम कर्मचारीको बृत्ति विकास तथा संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) मा खर्च गर्नुपर्ने व्यवस्था गर्ने ।

## १.४.६ अध्ययन/अनुसन्धान

५१. देश संघीयतामा गई ७५३ स्थानीय निकाय गठन भईसकेको र ती निकायहरुका लागि ठूलो पूँजी आवश्यक हुने हुँदा आवश्यक पूँजी उपलब्धताका लागि सम्बन्धित नगर विकास कोषहरुसंग समन्वय गरी नगरपालिका ऋणपत्र(Municipal Bond) निष्काशन सम्बन्धमा अध्ययन गरी निष्काशन व्यवस्था गर्ने ।

५२. Equity Derivatives Market को प्रवर्द्धन गर्न साधारण शेयर परिसूचक औजार (Equity Index Instrument) को कारोवारको संभावना सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५३. धितोपत्र बजारमा कारोबार हुने सूचीकृत कम्पनी, कारोबार रकम, कारोबार हुने धितोपत्र आदि सम्बन्धमा Real Time Surveillance गर्न धितोपत्र बोर्डमा Automated Market Surveillance System को स्थापना गर्ने सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५४. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावलीमा भएको व्यवस्था अनुरुप बोर्डको कर्मचारीको उचित व्यवस्थापन गर्न उपर्युक्त स्वेच्छिक अवकाश योजना सम्बन्धमा अध्ययन गर्ने ।

५५. प्राथमिक निष्काशनमा मागका आधारमा मूल्य निर्धारण हुने व्यवस्था (free Pricing System) का लागि आवश्यक Book Building System लागू गर्ने सम्बन्धमा अध्ययन गर्ने ।

५६. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विवादहरुको समाधान गर्ने उपयुक्त संयन्त्रका लागि Securities and Futures Dispute Resolution Tribunal को व्यवस्था गर्ने सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५७. धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अध्ययन/अनुसन्धान कार्यलाई सहजीकरण तथा प्रोत्साहित गर्न बजारसम्बन्धी पुस्तक, तथ्यांक तथा जानकारी उपलब्ध हुनेगरी बोर्डको पुस्तकालयलाई सुदृढ तथा व्यवस्थित गर्ने ।

५८. धितोपत्र बजारसम्बन्धी अनुसन्धानमूलक कार्य एवं मौलिक रचनालाई प्रोत्साहन गर्न अनुसन्धानमुलक तथा मौलिक लेखहरु समावेश गरी SEBON Journal तथा वार्षिक पूँजी बजार लेख विशेषाङ्क प्रकाशन गर्ने ।

५९. अर्थतन्त्र, धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रादेशिक प्रोफाइल तयार गर्ने ।

## १.४.७ प्रशिक्षण तथा जनचेतना अभिवृद्धि

६०. धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम संचालन तथा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा सहयोग गर्न धितोपत्र तथा फ्यूचर्स बजार प्रशिक्षण संस्था (Securities and Futures Market Institute-SFMI) स्थापना सम्बन्धमा अध्ययन गरी स्थापना गर्ने कार्य अगाडि बढाउने ।

६१. प्रदेशहरुमा आर्थिक पत्रकारहरुलाई धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्दै जाने ।

६२. देशव्यापीरुपमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि गर्न स्थानीय स्तरका योग्य इच्छुक व्यवसायिक जनशक्तिलाई प्रशिक्षक प्रशिक्षण (Training to Trainers-ToT) का लागि आह्वान गरी संभाव्य विज्ञहरुको सूची बनाई उनीहरुमार्फत् प्रदेश तथा जिल्लामा बजारसम्वन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम संचालनको शुरुवात गर्ने ।

६३. धितोपत्र बजार तथा वस्तु विनिमय बजारका विद्यमान तथा संभाव्य लगानीकर्ताहरुलाई बजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी उपलब्ध गराउन सूचना प्रवाह (Information Disclosure) सुदृढ गर्दै जाने ।

६४. नयां लगानीकर्ताहरुलाई दृष्टिगत गरी काठमाडौं उपत्यकामा धितोपत्र बजारसम्बन्धी निरन्तर प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र लगानीकर्ताहरुको जिज्ञासाहरु सम्बोधन गर्न स्टक एक्सचेञ्जसंगको सहकार्यमा पाक्षिकरुपमा काठमाडौं उपत्यकाको उपयुक्त स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

६५. देशभरी पूँजी बजारसम्बन्धी जनचेतना अभिबृद्धि गर्न पूँजी बजारसम्बन्धी पाक्षिक रेडियो कार्यक्रम संचालनको व्यवस्था गर्ने ।

६६. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सुधार तथा विकासका लागि आवश्यक नीति नियममा राय सल्लाह लिन यससँग सम्बद्ध तथा जानकार अर्थशास्त्री तथा वित्तशास्त्री र स्वदेशी एवं विदेशी पूँजी बजार विज्ञहरुलाई संलग्न गराई अन्तरक्रिया/सेमीनार कार्यक्रम संचालन गर्ने ।

६७. पछिल्लो समयमा काठमाडौं उपत्यका बाहिरसमेत पूँजी बजार गतिविधिहरु बढ्दै गएकाले यस सम्बन्धी जानकारी तथा सचेतना

अभिबृद्धि गरी यसमा व्यापक जनसहभागिता बढाउन काठमाडौं उपत्यका बाहिर धितोपत्र कारोवार सेवाको उपलब्धतालाई मध्यनजर गरी उपयुक्त कुनै एक प्रदेशमा प्रादेशिक पूँजी बजार प्रर्दशनी २०७६ आयोजना गर्ने ।

६८. विभिन्न विश्वविद्यालय तथा उच्च माध्यमिक विद्यालयका सम्बन्धित विषयको पाठ्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन आवश्यक समन्वय गर्ने इत्यादि ।

## १.५ नियमित कार्यक्रमहरु

बोर्डका नियमित कार्यक्रमहरुलाई विभिन्न चार उपशीर्षकमा विभाजन देहाय बमोजिम प्रस्तुत गरिएको छ :

### १.५.१ धितोपत्रहरु दर्ता तथा निष्काशन स्वीकृति र व्यवसाय संचालन अनुमति तथा विनियावली स्वीकृति

१. संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र बिक्री प्रस्ताव, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने ।

२. धितोपत्र बजार, धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, प्रत्याभूति, योजना व्यवस्थापन, डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सहभागी, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने ।

३. वस्तु विनिमय बजारबाट बोर्डमा प्राप्त हुने Contract Specification को अध्ययन गरी कारोबारका लागि दर्ता गर्ने ।

४. सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाहरुबाट प्राप्त निवेदनहरुको अध्ययन गरी कोष दर्ता गर्ने तथा कोष सुपरिवेक्षकको कार्य गर्न चाहनेहरुलाई स्वीकृति प्रदान गर्ने ।

५. धितोपत्र बजार तथा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली तथा विनियमावली संशोधनको पुनरावलोकन गरी स्वीकृत गर्ने ।

६. वस्तु बजार तथा राफसाफ कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली पुनरावलोकन गरी स्वीकृत गर्ने ।

### १.५.२ बजार अनुगमन, सुपरिवेक्षण तथा कारवाही

७. धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणालीमा सहभागी कम्तीमा १० प्रतिशत बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गर्ने ।

८. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ ले गरेको व्यवस्था बमोजिम धितोपत्र व्यवसायमा संलग्न सम्पूर्ण व्यक्ति, लगानीकर्ताहरुको ग्राहक पहिचान (KYC) गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने ।

| ९ | ६.३.१३ | धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा आवश्यकता अनुसार अनुसन्धान तथा तहकीकात गर्ने र ऐन नियमको पालना नगर्ने पक्षहरु उपर धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार आवश्यक कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएका मुद्दा मामिला सम्वन्धी कार्य गर्ने । | • बोर्डको मिति २०७४।०९।१४ मा प्रज्ञान सेक्यूरिटिज प्रा.लि.ले धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ७६ को खण्ड (क) (ख) (ग) (ज) र (झ) को पालना नगरेकोले सोही ऐनको दफा १०१ को उपदफा (७) बमोजिम ७५ हजार रुपैयाँ आर्थिक जरिवाना गर्ने निर्णय बमोजिम उक्त कम्पनीलाई मिति २०७४।०९।१७ मा पत्राचार गरिएको ।<br>• बोर्डको मिति २०७४।०९।२१ मा बसेको बैठकले सिप्रबी सेक्युरिटिज प्रा.लि र उक्त कम्पनीका प्रबन्ध निर्देशक सतिश कुमार श्रेष्ठलाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यपारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा रहेको व्यवस्था बमोजिम ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखी उक्त व्यवस्थाहरुको पूर्ण पालना गरेको नदेखिएकोले आगामी दिनमा धितोपत्र सम्बन्धी कानूनी व्यवस्थाको पूर्ण पालना गर्न गराउन प्रबन्ध निर्देशक सतिश कुमार श्रेष्ठलाई नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली २०६४ को नियम २८ को खण्ड (क) बमोजिम सचेत गराउने र सिप्रबी सेक्युरिटिज प्रा.लि लाई धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम ५० हजार रुपैयाँ आर्थिक जरिवाना गर्ने निर्णय भए बमोजिम निजहरुलाई मिति २०७४।०९।२४ मा पत्राचार गरिएको ।<br>• बोर्डको मिति २०७४।०९।२१ मा बसेको बैठकले श्रीहरि सेक्युरिटिज प्रा.लि लाई सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशका, २०६९ को दफा ४, १८ र १९ को बर्खिलाप भएकोले निजलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ ( दोस्रो संशोधन सहित) को दफा ७ (फ) को खण्ड (ख) बमोजिम १० लाख जरिवाना गर्ने र निज कम्पनीले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यपारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा रहेको व्यवस्था बमोजिम ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखी उक्त व्यवस्थाहरुको पूर्ण पालना गरेको नदेखिएकोले धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम थप ५० हजार रुपैयाँ आर्थिक जरिवाना गर्ने । साथै, उक्त कम्पनीको तत्कालिन कार्यकारी प्रमुख सन्दिप जलानले ग्राहक परिचय विवरण भर्दा तथा कारोबार गर्दा समेत आवश्यक प्रक्रिया पुरा नगरी आफ्नो दायित्व निर्वाह गरेको नदेखिएकोले निजलाई धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम थप ५० हजार रुपैयाँ आर्थिक जरिवाना गर्न निर्णय भए बमोजिम मिति २०७४।०९।२४ मा निजहरुलाई पत्राचार गरिएको ।<br>• बोर्डको मिति २०७४।०९।२१ मा बसेको बैठकले अग्रवाल सेक्युरिटिज प्रा.लि लाई सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशका,२०६९को दफा ४, १८ र १९ को बर्खिलाप भएकोले निज कम्पनीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ ( दोस्रो संशोधन सहित) को दफा ७ (फ) को खण्ड(ख) बमोजिम १० लाख रुपैयाँ जरिवाना गर्ने र निज कम्पनीले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यपारी तथा बजार निर्माता) |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | | नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा रहेको व्यवस्था बमोजिम ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखी उक्त व्यवस्थाहरुको पूर्ण पालना गरेको नदेखिएकोले धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम थप ५० हजार रुपैयाँ आर्थिक जरिवाना गर्ने । साथै, उक्त कम्पनीको प्रबन्धक भुवनेश्वर यादवले ग्राहक परिचय विवरण भर्दा तथा कारोबार गर्दा समेत आवश्यक प्रक्रिया पुरा नगरी आफ्नो दायित्व निर्वाह गरेको नदेखिएकोले निजलाई धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम पचास हजार रुपियाँ आर्थिक जरिवाना गर्न निर्णय भए बमोजिम मिति २०७४।०९।२४ मा निजहरुलाई पत्राचार गरिएको ।<br>● लिन्च स्टक मार्केटस लिमिटेडलाई जरिवाना गर्ने सम्बन्धमा सफाई पेश गर्न मिति २०७४।१०।२५ मा पत्राचार गरिएकोमा निजबाट मिति २०७४।११।१० मा सफाई पेश भएको ।<br>● बोर्डले धितोपत्र सम्बन्धी ऐनको व्यवस्थाको पूर्ण पालना नगरेमा एक धितोपत्र दलाल व्यवसायीलाई मिति २०७५ वैशाख ४ मा आर्थिक जरिवाना गरेको छ । धितोपत्र दलाल व्यवसायीको कार्य गर्दै आएको लिन्च स्टक मार्केट लि. ले हितग्राही खाता खोल्दा प्राप्त विवरण तथा कागजातको आवश्यक जाँचबुझ गरेको नदेखिएको र ग्राहक परिचय विवरणमा त्रुटी देखिएकोले धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा १०१ को उपदफा (४) व्यवस्था पालना गरेको नदेखएकोले सो कम्पनीलाई बोर्डबाट ५० हजार रुपैया आर्थिक जरिवाना गरिएको हो ।<br>● सर्वोच्च अदालतमा तीन वटा रिट निवेदन विचाराधिन अवस्थामा रहेको ।<br>काठमाण्डौ जिल्ला अदालतमा बोर्डको तर्फबाट दायर नक्कली सेयर कारोबार सम्बन्धी सरकार वादी मुद्दामा पुन म्याद जारी गर्ने निर्णय भई विचाराधिन अवस्थामा रहेको । |
| **(ग) व्यवस्थापन सम्बन्धी** | | | |
| १ | ६.२.१७ | वस्तु विनिमय बजारको नियमनको जिम्मेवारी समेत बोर्डलाई प्रदान गरिएकोमा उक्त जिम्मेवारी निर्वाह गर्न Organisation and Management (O and M Survey) गरी सोही अनुरुप नयाँ संगठन संरचना तथा जनशक्ति व्यवस्था गर्ने । | नेपाल सरकार, अर्थ मन्त्रालयबाट विभिन्न श्रेणीमा १० वटा दरबन्दी स्वीकृत भई आएकोमा उक्त दरबन्दी आगामी आ.व.मा लोक सेवा आयोग मार्फत् पदपूर्ति गरिने । |
| २ | ६.२.१८ | बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक कार्य अगाडि बढाउने । | बोर्डको आफ्नै भवन खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयसँग आवश्यक राय सुझाव लिई सोही बमोजिम खरिद कार्य अघि बढाईसकेको भवन बिक्री गर्ने पक्षबाट आवश्यक व्यवस्था गर्ने काम भैरहेको । |
| ३ | ६.२.२६ | देश संघीयतामा गैसकेको परिप्रेक्ष्यमा बोर्डको शाखा कार्यालय पनि विस्तार गर्दै जानुपर्ने देखिएकोले प्रदेश नम्बर ३ बाहेक अन्य प्रदेशमा क्षेत्रीय कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कम्तिमा एक कार्यालय स्थापना गर्ने । | यस सम्बन्धमा आवश्यक अध्ययन भैरहेको । |
| ४ | ६.२.३२ | बोर्डको लेखा प्रणालीलाई अन्तराष्ट्रिय स्तरको बनाउन NFRS लागू गर्न प्रथम चरणमा Accounting Mannual तयार गर्ने तथा बोर्डको दायित्व निर्धारण सम्बन्धमा Actuarial Valuation गर्ने । | यस सन्दर्भमा आवश्यक अध्ययन भैरहेको । |
| ५ | ६.२.३५ | बोर्डको कर्मचारी सेवा शर्त सम्बन्धी अध्ययन गरी लोक सेवा आयोगको सामान्य सिद्धान्तसँग सामञ्जस्यता हुने गरी नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त | नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ को तेस्रो संशोधन स्वीकृतिका लागि मिति २०७५।०१।२६ मा नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको । |

| क्र.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | नियमावली, २०६८ मा समसामयिक संशोधन गर्ने । साथै बोर्डका कर्मचारीको कार्य सम्पादन अभिबृद्धिमा प्रोत्साहन गर्न बोर्डको सेवा सुविधाहरुलाई समसामयिक बनाउने । | |
| ६ | ६.२.३६ | बोर्डको कर्मचारीको उचित व्यवस्थापन गर्न उपर्युक्त स्वेच्छिक अवकाश योजना सम्बन्धमा अध्ययन गर्ने । | नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ बमोजिम अन्य निकायहरुमा भएका व्यवस्थाहरुको अध्ययनका लागि आवश्यक सन्दर्भ सामग्रीहरु संकलन भैरहेको । |
| ७ | ६.२.३७ | बोर्डको कर्मचारीहरुको लागी कर्मचारी सवारी सुविधा योजना (OYVS) बनाई लागू गर्ने । | कर्मचारी सवारी सुविधा योजना (OYVS) को सट्टामा सवारी सापटीको व्यवस्था बोर्डबाट स्वीकृत भएको । |
| ८ | ६.३.१५ | बोर्डको वार्षिक बजेट तयार गर्ने र सो को प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने । | आ.व. २०७४।७५ को बजेटको दोस्रो चौमासिक पुनरावलोकन भएर बोर्डमा पेश भएको साथै आगामी आ.व. २०७५।७६ को वार्षिक बजेट तयारी कार्य भैरहेको । |
| ९ | ६.३.१९ | बोर्डको वार्षिकोत्सवको उपलक्ष्यमा पुँजी बजारसम्बन्धी लेख विशेषांक प्रकाशन गर्ने, २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीको सम्मान गर्ने लगायतका कार्यक्रम सहित वार्षिकोत्सव कार्यक्रम आयोजना गर्ने । | २०७५ जेष्ठ २५ मा रजत बर्ष समापन तथा २६औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा पुँजी बजारसम्बन्धी लेख विशेषांक प्रकाशन गरिएको, २० वर्ष सेवा अवधि पूरा गरेका दुई जना कर्मचारीलाई सम्मान गर्ने लगायतका कार्यक्रम सम्पन्न गरिएको । |
| **(घ) धितोपत्र व्यवसायी सुपरिवेक्षण सम्बन्धी** | | | |
| १ | ६.२.१ | धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सुपरिवेक्षण दिग्दर्शन (Supervision Manual) बनाइएकोमा यसमार्फत् सुपरिवेक्षण कार्यलाई अझ चुस्त बनाइने । | मिति २०७४।०५।०४ गतेबाट धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षणलाई व्यवस्थित गर्न धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) को सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागु गरिएको । |
| २ | ६.२.१९ | धितोपत्र व्यवसायीहरुको आन्तरिक तथ्याकं व्यवस्थापनलाई प्रभावकारी बनाउन तथ्याकं व्यवस्थापन प्रणाली खरिद गर्ने तथा धितोपत्र कारोवार सुपरिवेक्षण प्रणालीको लागि अध्ययन कार्य अगाडि बढाउने । | यस सम्बन्धमा उपयुक्त प्रणाली छनौटका लागि आवश्यक अध्ययन भैरहेको । |
| ३ | ६.२.२९ | धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो कारोवार, अभिलेख तथा सूचना प्रवाह व्यवस्थापन सम्वन्धमा हाल नेप्सेबाट स्वीकृत ब्याक अफिस सफ्टवेर प्रयोग गरिरहेको परिप्रेक्ष्यमा सो मा आवश्यक सुधार/थप गरी धितोपत्रको खरिद बिक्री आदेश internet मार्फत गराई धितोपत्रको कारोवार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो छरितो र लगानीकर्तामैत्री बनाउन बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीलाई निर्देशन दिएकोमा सो को कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने । | • यस सम्बन्धमा २०७४।०५।०७ मा बोर्डबाट धितोपत्र दलालहरुलाई पत्राचार गरिएको र सोहि अनुरुप धितोपत्र दलालहरुद्वारा उक्त निर्देशन सम्बन्धमा आवश्यक गृहकार्य गरी कार्यान्वयनमा व्यवस्थापन भइरहेको जानकारी प्राप्त भएको साथै सो विषयमा बोर्डद्वारा धितोपत्र दलाल व्यावसायी, हाल प्रयोगमा रहेको ब्रोकर ब्याक अफिस प्रणाली कम्पनिहरु मण्डला सिस्टम प्रा. लि. र सोर्स कोड प्रा. लि. तथा लगानीकर्ताहरुसँग विभिन्न चरणमा विस्तृत छलफल गरिएको । |
| ४ | ६.३.४ | २०७४ श्रावण १ देखि अनिवार्य रुपमा Application Supported by Blocked Amount (ASBA) प्रणाली कार्यान्वयन गरिएकोमा आस्वा प्रणालीमा सहभागी कम्तिमा २५ प्रतिशत बैंक तथा वित्तीय संस्थाको स्थलगत | • प्रथम चौमासिक अवधिमा तीन प्राथमिक निष्काशनमा ६ आश्वा सदस्यहरुको स्थलगत सुपरिवेक्षण गरिएको । (प्रभु बैंक, बैंक अफ काठमाडौं, नेपाल ईन्भेष्टमेन्ट बैंक, सिटिजन्स बैंक ईन्टरनेशनल, सिर्द्धार्थ बैंक, गुहेश्वरी फाईनान्स)<br>• धितोपत्र सम्बन्धी ASBA प्रणालीको कार्यान्वयनको सम्बन्धमा पूर्वाञ्चलस्थित विर्तामोड, धरान, इटहरी तथा बिराटनगरमा रहेका ५ वटा वाणिज्य बैंकका शाखाहरुको मिति २०७४।०६।२९ देखि २०७४।०६।३१ |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | सुपरिवेक्षण गर्ने । | गतेसम्म स्थलगत अनुगमन गरिएको । अनुगमनको क्रममा देखिएका कैफियत तथा आश्वा सेवा अझ बढी प्रभावकारी बनाउने सम्बन्धमा सुझाव सहितको प्रतिवेदन बोर्ड समक्ष पेश गरिएको ।<br>• दोस्रो चौमासमा ५ प्राथमिक निष्काशनमा तथा ८ हकप्रद सेयरको निष्काशनमा विभिन्न आश्वा सदस्यहरुको स्थलगत सुपरिवेक्षण गरिएको । |
| ५ | ६.३.५ | सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ ले गरेको व्यवस्था बमोजिम धितोपत्र व्यवसायमा संलग्न सम्पूर्ण व्यक्ति, लगानीकर्ताहरुको ग्राहक पहिचान (Know Your Customer) गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने । | • Suspicious Transaction Reporting (STR) तथा Threshold Transaction Reporting (TTR) सम्बन्धी विवरण धितोपत्र दलाल व्यवसायीले वित्तीय जानकारी इकाईमा निरन्तर रुपमा पठाउने गरेको जानकारी बोर्डमा प्राप्त गरेको ।<br>• ग्राहक पहिचान विवरण (KYC) लाई समय सापेक्ष परिमार्जनको गरी सो कार्यान्वयनको लागि मिति २०७४।११।२५ मा धितोपत्र दलाल व्यवसायीहरुलाई पत्रचार गरिएको ।<br>• नयाँ ग्राहक पहिचान विवरण (KYC) को कार्यान्वयनको स्थिति बुझ्न तथा आवश्यक निर्देशन दिन २५ वटा धितोपत्र दलालको प्रधान कार्यालयको स्थलगत निरीक्षण गरेको । |
| ६ | ६.३.६ | धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्र्यौट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा ५० प्रतिशत धितोपत्र दलाल व्यवसायीको स्थलगत निरीक्षण गर्ने । | समिक्षा अवधिमा धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्र्यौट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा १९ धितोपत्र दलाल व्यवसायीको प्रधान कार्यालय स्थलगत निरीक्षण गरिएको ।<br>साथै नियम पालना तथा काठमाडौ उपत्यका बाहिरका धितोपत्र दलालहरुको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्न पोखरा, बागलुङ्ग धनगढी, बनेपा, नेपालगंज तथा लमजुङ्ग स्थित १५ धितोपत्र दलाल व्यवसायीहरुको शाखा कार्यलयको २५ पटक स्थलगत निरिक्षण गरिएको । |
| ७ | ६.३.७ | धितोपत्रको निष्काशन, बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी काम कारवाहीहरु धितोपत्र सम्बन्धी ऐन नियम बमोजिम भए नभएको सम्बन्धमा कम्तिमा ५० प्रतिशत मर्चेन्ट बैंकरहरुको स्थलगत निरीक्षण गर्ने । | धितोपत्रको निष्काशन, बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी काम कारवाहीहरु धितोपत्र सम्बन्धी ऐन नियम बमोजिम भए नभएको सम्बन्धमा सिद्धार्थ क्यापिटल, प्रभु क्यापिटल, एनएमबि क्यापिटल, लक्ष्मि क्यापिटल, काठमाडौं क्यापिटल, ग्लोबल आईएमई क्यापिटल, एनआईबिएल एस क्यापिटल, सनराइज क्यापिटल, सिबिआईएल क्यापिटल, नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग, एनआईसी एसिया क्यापिटल र नागरिक लगानी कोष लगायत १२ मर्चेन्ट बैंकरहरुको १९ पटक स्थलगत निरीक्षण गरिएको । |
| ८ | ६.३.९ | धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर र क्रेडिट रेटिङ्ग एजेन्सीको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा थप परिष्कृत एवं नियमित रुपमा गैहस्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने । | धितोपत्र दलाल व्यवसायीहरु तथा मर्चेन्ट बैंकरहरुको दोस्रो त्रैमासिक विवरण प्राप्त गरिएको तथा नियम पालना सम्बन्धमा Compliance Report अर्धबार्षिक रुपमा पेश गर्नुपर्ने व्यवस्था अनुरुप धितोपत्र व्यवसायीहरुले उक्त प्रतिवेदन पेश गरेको । |
| ९ | ६.३.१० | धितोपत्र बजारमा कारोवार हुने सूचिकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेन्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने । | Real Time Surveillance System मार्फत नियमित रुपमा सूचीकृत कम्पनीको कारोबारको निरीक्षण गर्ने गरिएको । यसमा विशेष गरी मूल्यमा उत्तारचढाव, म्याचिङ्ग कारोबार र कर्नरिङ्ग, जस्ता कारोबार नियन्त्रण गर्न नियमित निरिक्षण गरिदै आएको । |
| **(ङ) धितोपत्र बजार, सिडिएस तथा कोष सुपरिवेक्षण सम्बन्धी** | | | |
| १ | ६.२.८ | नेप्से तथा सिडिएससीको कारोवार तथा केन्द्रीय निक्षेप प्रणालीको जोखिम न्यूनिकरण गर्न डिजास्टर रिकभरी प्रणालीलाई सुदृढ गर्न निर्देशित तथा सहजीकरण गरी नेप्से तथा सिडिएससीको प्रणालीको संपरीक्षण (System Audit) गराउन सहजीकरण गर्ने । | • बोर्डको निर्देशनमा सिडिएस लि.बाट System Audit कार्य सम्पन्न गरी सो को प्रतिबेदन २०७४।०९।१७ मा बुझाएको । System Audit मा देखिएका कैफियतहरुलाई यथाशीघ्र सुधार गरी जानकारी गराउन उक्त लि. लाई बोर्डबाट मिति २०७४।१२।१३ को पत्रबाट निर्देशन दिईएको ।<br>• बोर्डको निर्देशन पश्चात नेप्सेले मिति २०७४।०९।०७ को पत्रबाट मिति २०७४।०८।१८ बाट नेप्सेमा System Audit कार्य सुरु भएको र सम्पन्न पश्चात बोर्डमा प्रतिबेदन पेश गर्ने जानकारी गराएको । |

| क्र.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| २ | ६.२.९ | छुट्टै नियमन निकाय नभएका सूचिकृत कम्पनीहरुको नियमन तथा सुपरिवेक्षण गर्न आवश्यक कार्य अगाडि बढाउने । | छुट्टै नियमन निकाय नभएका सूचिकृत कम्पनीहरुको नियमन निकाय नेपाल सरकारले तोक्ने प्रकृया अगाडि बढाएको पृष्ठभूमिमा उक्त निकायसँग सकन्वय गरी सूचिकृत कम्पनीहरुको वित्तीय विवरणको आवधिक विश्लेषण गर्ने तथा आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइने । |
| ३ | ६.२.१० | नेप्सेको पुर्नसंरचना कार्य अगाडि बढाई अन्तर्राष्ट्रिय अभ्यास तथा धितोपत्र सम्बन्धी ऐन नियम अनुसार हुने गरी नेप्सेको पूर्नसंरचना गर्न सहजीकरण गर्ने । | नेप्सेको पुर्नसंरचना सम्बन्धी कार्य वित्तीय क्षेत्र विकास रणनीतिमा समावेश गरिए अनुसार कार्य अगाडि बढाउन नेपाल सरकारले गठन गरेको उपसमिति मार्फत राय/सुझाव दिईएको । |
| ४ | ६.२.१६ | धितोपत्रको दोस्रो बजार कारोवारलाई थप प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन Settlement Guarantee Fund को व्यवस्थाका लागि नेप्सेलाई निर्देशन दिने तथा सहजीकरण कार्य गर्ने । | धितोपत्रको दोस्रो बजार कारोवारलाई थप प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन Settlement Guarantee Fund को व्यवस्थाका लागि नेप्से तथा सिडिएससीका पदाधिकारीसँग छलफल भैरहेको । |
| ५ | ६.३.६ | धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्यौंट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा ५० प्रतिशत  निक्षेप सदस्यको स्थलगत निरीक्षण गर्ने । | **निक्षेप सदस्यः**<br>● धितोपत्रको निक्षेप सेवाको सम्बन्धमा दोस्रो चौमास सम्ममा देश भरी गरी जम्मा ४८ वटा निक्षेप सदस्यको स्थलगत सुपरिवेक्षण गरिएको । स्थलगत सुपरिवेक्षण तथा अनुगमनको क्रममा देखिएका तथा भए/गरेका कमिकमजोरी सहित  यस सम्बन्धी कामकारवाहीलाई अझ बढी प्रभावकारी बनाउने सम्बन्धमा सुझाव सहितको प्रतिवेदन बोर्ड समक्ष पेश गरिएको । |
| ६ | ६.२.८ | सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा कम्तिमा ५० प्रतिशत योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण गर्ने । | सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा छ वटा योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण गरिएको बाँकी तीन योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण आषाढ मसान्तसम्ममा सम्पन्न गर्ने योजना रहेको । |
| ७ | ६.२.९ | सूचीकृत संगठित संस्थाहरु, नेपाल स्टक एक्सचेन्ज लि., केन्द्रीय निक्षेप कम्पनी, योजना व्यवस्थापक, निक्षेप सदस्यको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा थप परिष्कृत एवं नियमित रुपमा गैहस्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने । | **नेप्से, सिडिएस तथा निक्षेप सदस्य**<br>● नेपाल स्टक एक्सचेन्ज लि. को आर्थिक वर्ष २०७३।७४ को लेखापरिक्षण विवरण तथा वार्षिक प्रतिवेदन नियमावलीले तोके भन्दा ढिलो गरी बुझाएको तथा दोस्रो त्रैमासिक विवरणहरु समयमा नै बुझाएको ।<br>● केन्द्रीय निक्षेप कम्पनी (सिडिएससी)ले त्रैमासिक विवरणहरु समयमा नै बुझाएको । लेखापरीक्षण तथा वार्षिक प्रतिवेदन समयभन्दा ढिला बुझाएको ।<br>● आ.व. २०७३।७४ मा ५५ निक्षेप सदस्यले समयमानै वित्तीय विवरण बुझाएको तथा ९ निक्षेप सदस्यले ढिलो गरी वित्तीय विवरण बुझाएको ।<br><br>**सूचीकृत कम्पनी**<br>● कुल २०६ सूचीकृत संगठित संस्थामध्ये हालसम्म ९१ वटा सूचीकृत संगठित संस्थाबाट आ.व. २०७३/७४ को बार्षिक प्रतिवेदन प्राप्त भएको । तोकिए अनुरुप उक्त  आ.व. को वार्षिक प्रतिवेदन पेश गर्ने सूचीकृत संगठित संस्थाको संख्या ३१, ढिलो गरी पेश गर्ने संस्थाको संख्या ६० तथा हालसम्म प्रतिवेदन पेश नगर्ने संस्थाको संख्या ११५ रहेको ।<br>● चालु आ.व.मा १०५ सूचीकृत संगठित संस्थाले तोकिएको समयभित्र तेस्रो त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेको । उक्त प्रतिवेदन ढिलो गरी पेश गर्ने सूचीकृत संगठित संस्थाको संख्या ४५ रहेको छ भने तोकिए अनुरुप प्रतिवेदन पेश नगर्ने संगठित संस्थाको संख्या २५ रहेको ।<br>● तोकिए अनुरुप प्रतिवेदन पेश नगर्ने संगठित संस्थाहरुलाई प्रतिवेदन पेश नगरेका सम्बन्धमा |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | | जानकारी माग गर्दै तत्काल प्रतिवेदन पेश गर्न पत्राचार गरिएको संस्थाहरुबाट प्रतिवेदन प्राप्त हुने क्रम जारी रहेको । हाल दुवै त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त हुने क्रम जारी रहेको ।<br>• कुल ९३ वटा सूचीकृत संगठित संस्थाले साधरण सभा गर्नु पूर्व छलफल हुने विषय बोर्डलाई जानकारी गराएको ।<br>• कुल ६८ वटा संस्थाले साधरण सभाको निर्णय बोर्डमा पेश गरेको ।<br>• तोकिए अनुरुप बोनस सेयर बोर्डमा दर्ता नगरेको पाँच वटा सूचीकृत संगठित संस्थासँग जानकारी माग गरिएकोमा सबै संस्थाहरुबाट बोर्डमा जानकारी प्राप्त भएको ।<br>• सूचीकृत संगठित संस्थामध्ये वित्तीय संस्था तथा बीमा कम्पनीहरुले बोर्डमा पेश गरेको आर्थिक प्रतिवेदनको आधारमा तिनको वित्तीय प्रोफाइल तयार गर्ने क्रम जारी रहेको ।<br>• प्राप्त प्रतिवेदनहरु सूचना प्रवाहको स्थिती खुल्ने गरी अध्यावधिक गरिदै आएको ।<br>**योजना व्यवस्थापक**<br>• एउटा योजना व्यवस्थापकले लेखा परिक्षक नियुक्ति गर्ने सम्बन्धमा बोर्डको स्वीकृत माग गरेको १२ वटा योजना व्यवस्थापकले तोकिए अनुरुपको प्रतिवेदन बोर्डमा पेश गरेको । ति योजना व्यवस्थापकले वार्षिक प्रतिवेदन तोकिए अनुरुप दैनिक पत्रिका मार्फत सार्वजनिक गरेको ।<br>• हालसम्म छ वटा योजना व्यवस्थापकले १२ वटा योजना संचालन गरेकोमा प्रत्येक योजना खुद सम्पत्ति मूल्य, इकाई बिक्री र पुर्नखरिद मूल्य प्रत्येक हप्ता कम्तीमा एकपटक सार्वजनिक गरेको । सबै योजना व्यवस्थापकले आफूले गरेको कामको विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरीवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गरेको।<br>• १२ वटा योजना कोषको सुपरीवेक्षकले कोष सुपरिवेक्षकण सम्बन्धी कामको अर्ध वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेको। कोष सुपरिवेक्षकबाट बोर्डमा प्राप्त भएका प्रतिवेदन अध्ययन गरी प्रतिवेदनमा देखिएका कमी कमजोरीको सूची तयार गरिएको । |
| **(च) नीति, अनुसन्धान तथा योजना सम्बन्धी** | | | |
| १ | ६.२.३ | बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्य भएकोमा IOSCO सँग Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्न आवश्यक कार्य अगाडि बढाउने । | धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसियट सदस्यता लिदा IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावली तयार पार्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने, IOSCO को MMoU टोलीसँगको समन्वयमा MMoU को प्रश्नावलीको जवाफ तयार गर्ने कार्य भैसकेको र आवश्यक कागजात तथा सूचनाहरु तयार गरी MMoU मा हस्ताक्षर गर्न IOSCO लाई निवेदन पेश गरिएको साथै उक्त सदस्यता प्राप्तिका लागि बोर्डको बैकिङ्ग अभिलेखमा पहुँच कायम गर्न नेपाल राष्ट्र बैंकसँग मिति २०७४।०७।२० मा MoU गरिएको । |
| २ | ६.२.५ | वास्तविक क्षेत्रका कम्पनीहरुलाई सर्वसाधारणमा सेयर जारी गर्न बाध्यात्मक व्यवस्था गर्ने सम्बन्धमा कम्पनी ऐन तथा औद्योगिक नीतिमा सम्बन्धित व्यवस्था समावेश गराउन नेपाल सरकार, अर्थ मन्त्रालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय स्थापित गर्ने । | वास्तविक क्षेत्रका कम्पनीहरुलाई सर्वसाधारणमा सेयर जारी गर्न बाध्यात्मक व्यवस्था गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयसँग आवश्यक पत्राचार गरिएको साथै धितोपत्र दर्ता निष्काशन नियमावली २०७३ को व्यवस्था अनुसार वास्तविक क्षेत्रका कम्पनीहरुलाई प्रिमियम (Free price with some cap)मा धितोपत्र निष्काशन गर्न गरिएको व्यवस्था अनुसार एक संस्थाको प्राथमिक निष्काशन स्वीकृत गरिएको । |

| क्र.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| ३ | ६.२.४ | बोर्ड २०७४ जेष्ठ २५ मा पच्चिसौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा रजत जयन्ती वर्षमा देहाय बमोजिमको कार्यक्रम गर्ने:<br>• धितोपत्र बजारको प्रबर्द्धन गर्न बजार सहभागीको सहभागितामा पुँजी बजार प्रदशनी (Capital Market Expo) आयोजना गर्ने,<br>• धितोपत्र बजारको नियमन तथा विकाससम्बन्धी अनुभव आदान प्रदान गर्ने उद्देश्यले IOSCO सँग मिलेर धितोपत्र बजार सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार आयोजना गर्ने,<br>• धितोपत्र बजार सम्बन्धी हुलाक टिकट प्रकाशन गर्ने,<br>• २५ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने,<br>• धितोपत्र बजारसम्बन्धी अनुसन्धानमूलक शोध, रचनालाई प्रोत्साहन गर्न SEBON Journal प्रकाशन गर्ने,<br>• धितोपत्र बजारको तथ्यांक नियमित रुपमा जानकारी गराउन Quarterly Securities Market Indicators को प्रकाशनलाई निरन्तरता दिने,<br>• पुँजी बजारसम्बन्धी लेख रचनालाई समावेश गरी प्रकाशन गरिने पुँजी बजार लेख विशेषाङ्कको प्रकाशनलाई निरन्तरता दिने,<br>• रु.५०,०००।- रकमको उत्कृष्ट आर्थिक पत्रकार छनौट गरी पुँजी बजार प्रत्रकारिता पुरस्कार हरेका वर्ष प्रदान गर्ने । | • धितोपत्र बजार प्रदर्शनी (Capital Market Expo) को २०७५ बैशाख २६ र २७ मा सम्पन्न गरिएको । उक्त प्रदर्शनीमा पूँजी बजारसम्बन्धी अधिकांश विषय वस्तु समिटिने गरी धितोपत्र बजार तथा बजार पूर्वाधार, मर्चेण्ट बैकिङ्ग सेवा तथा शाखा मूल्यांकन सेवा, धितोपत्र बजार सुधारका प्रयास एवं आगामी प्राथमिकता र धितोपत्र दलाल व्यवसाय सेवा विषयक शीर्षकमा चार प्राविधिक सत्रहरुको व्यवस्थापन तथा सञ्चालन गरिएको ।<br>• सेबोन जर्नलको तयारी तथा प्रकाशनका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा एक समिति गठन भई उक्त समिति मार्फत् प्राप्त लेखहरुको सम्पादन कार्य भैरहेको ।<br>• Quarterly Securities Market Indicators को चौथौ अङ्क प्रकाशन गरिएको । साथै पाचौं अंक प्रकाशनको अन्तिम चरणमा पुगेको ।<br>• २०७५ जेष्ठ २५ मा रजत बर्ष समापन तथा २६औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा पुँजी बजारसम्बन्धी लेख विशेषांक प्रकाशन गरिएको ।<br>• २६औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा एक आर्थिक दैनिकलाई रु ५००००।– रकमको पूँजीबजार पत्रकारिता पुरस्कार प्रदान गरिएको ।<br>• बोर्डको रजत जयन्ती बर्षको अवसरमा रजत जयन्ती हुलाक टिकट प्रकाशन गर्ने कार्यक्रम अनुसार सो हुलाक टिकट प्रकाशनको लागि सिफारिश गरिदिन बोर्डबाट नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपाल सरकार सूचना तथा संचार मन्त्रालय, हुलाक सेवा विभागमा पत्र मार्फत् अनुरोध गरिएकोमा हुलाक सेवा विभागबाट टिकट प्रकाशन गर्न विभागको कार्यक्रममा समावेश गर्ने गरी समन्वय गरिएको । |
| ४ | ६.२.११ | धितोपत्र बजारका सरोकारवालाको क्षमता अभिबृद्धि गर्न, जनशक्तिको विकास गर्न, लगानी व्यवस्थापक तथा परामर्शदाताहरुको योग्यता प्रमाणित गर्न, लगानीकर्ताले पाउने सेवाको गुणस्तर र ज्ञानलाई प्रबर्द्धन गर्न, धितोपत्र बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम दिन, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धान गर्न तथा धितोपत्र बजारसम्बन्धी थिंक ट्यांकको विकास गर्न धितोपत्र बजार प्रशिक्षण संस्था (Securities Market Institute) को सम्बन्धमा पुँजी रु.१० करोडमा बोर्डको कम्तिमा ५१ प्रतिशत सेयर हुने गरी स्थापना गर्ने । | धितोपत्र बजार प्रशिक्षण प्रतिष्ठान स्थापना सम्बन्धमा अवधारण तयार गरी एशियाली विकास बैंकसँग आवश्यक समन्वयका लागि मिति २०७४।०८।०६ मा अर्थ मन्त्रालयमा पत्राचार गरिएको । |
| ५ | ६.२.२० | धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकरण भएका तर हाल संचालनको अवस्था अज्ञात रहेका कम्पनीहरुका साथै सूचीकरण खारेज भएका कम्पनीहरुको स्थितिको अध्ययन कार्य अगाडि बढाउने । | यस सम्बन्धमा अध्ययन कार्य अघि बढाइएको । |
| ६ | ६.२.२२ | IOSCO बाट समेत अनुरोध भए अनुसार अक्टोवर २-८, २०१७ मा विविध कार्यक्रम आयोजना गरी Investor Week मनाउने । | यस सन्दर्भमा पुँजी बजार सम्वन्धी अन्तरसम्बाद कार्यक्रम सञ्चालन तथा सचेतनामुलक सामग्रीहरुको प्रकाशन गरी मिति २०७४।०६।२२ देखि २०७४।०६।२८ सम्म Investor Week मनाइएको । |
| ७ | ६.२.२३ | विश्वविद्यालय तहमा हुने धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने । साथै, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न बोर्डको | • धितोपत्र बजार सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्न चालु आ.व.मा स्नातकोत्तर तथा एमफिलत तहका शोधहरुलाई पुरस्कृत गर्ने योजना तय गरिए अनुसार बोर्डको बार्षिकउत्सवमा ३ शोधपत्रलाई क्रमश रु ७००००, रु ४५००० र ३५००० राशीको पुरस्कार प्रदान गरिएको । |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | | जानकारी माग गर्दै तत्काल प्रतिवेदन पेश गर्न पत्राचार गरिएको संस्थाहरुबाट प्रतिवेदन प्राप्त हुने क्रम जारी रहेको । हाल दुवै त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त हुने क्रम जारी रहेको ।<br>• कुल ९३ वटा सूचीकृत संगठित संस्थाले साधरण सभा गर्नु पूर्व छलफल हुने विषय बोर्डलाई जानकारी गराएको ।<br>• कुल ६८ वटा संस्थाले साधरण सभाको निर्णय बोर्डमा पेश गरेको ।<br>• तोकिए अनुरुप बोनस सेयर बोर्डमा दर्ता नगरेको पाँच वटा सूचीकृत संगठित संस्थासँग जानकारी माग गरिएकोमा सबै संस्थाहरुबाट बोर्डमा जानकारी प्राप्त भएको ।<br>• सूचीकृत संगठित संस्थामध्ये वित्तीय संस्था तथा बीमा कम्पनीहरुले बोर्डमा पेश गरेको आर्थिक प्रतिवेदनको आधारमा तिनको वित्तीय प्रोफाइल तयार गर्ने क्रम जारी रहेको ।<br>• प्राप्त प्रतिवेदनहरु सूचना प्रवाहको स्थिती खुल्ने गरी अध्यावधिक गरिदै आएको ।<br>**योजना व्यवस्थापक**<br>• एउटा योजना व्यवस्थापकले लेखा परिक्षक नियुक्ति गर्ने सम्बन्धमा बोर्डको स्वीकृत माग गरेको १२ वटा योजना व्यवस्थापकले तोकिए अनुरुपको प्रतिवेदन बोर्डमा पेश गरेको । ति योजना व्यवस्थापकले वार्षिक प्रतिवेदन तोकिए अनुरुप दैनिक पत्रिका मार्फत सार्वजनिक गरेको ।<br>• हालसम्म छ वटा योजना व्यवस्थापकले १२ वटा योजना संचालन गरेकोमा प्रत्येक योजना खुद सम्पत्ति मूल्य, इकाई बिक्री र पुर्नखरिद मूल्य प्रत्येक हप्ता कम्तीमा एकपटक सार्वजनिक गरेको । सबै योजना व्यवस्थापकले आफूले गरेको कामको विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरीवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गरेको।<br>• १२ वटा योजना कोषको सुपरीवेक्षकले कोष सुपरिवेक्षकण सम्बन्धी कामको अर्ध वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेको। कोष सुपरिवेक्षकबाट बोर्डमा प्राप्त भएका प्रतिवेदन अध्ययन गरी प्रतिवेदनमा देखिएका कमी कमजोरीको सूची तयार गरिएको । |
| **(च) नीति, अनुसन्धान तथा योजना सम्बन्धी** | | | |
| १ | ६.२.३ | बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्य भएकोमा IOSCO सँग Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्न आवश्यक कार्य अगाडि बढाउने । | धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसियट सदस्यता लिदा IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावली तयार पार्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने, IOSCO को MMoU टोलीसँगको समन्वयमा MMoU को प्रश्नावलीको जवाफ तयार गर्ने कार्य भैसकेको र आवश्यक कागजात तथा सूचनाहरु तयार गरी MMoU मा हस्ताक्षर गर्न IOSCO लाई निवेदन पेश गरिएको साथै उक्त सदस्यता प्राप्तिका लागि बोर्डको बैकिङ्ग अभिलेखमा पहुँच कायम गर्न नेपाल राष्ट्र बैंकसँग मिति २०७४।०७।२० मा MoU गरिएको । |
| २ | ६.२.५ | वास्तविक क्षेत्रका कम्पनीहरुलाई सर्वसाधारणमा सेयर जारी गर्न बाध्यात्मक व्यवस्था गर्ने सम्बन्धमा कम्पनी ऐन तथा औद्योगिक नीतिमा सम्बन्धित व्यवस्था समावेश गराउन नेपाल सरकार, अर्थ मन्त्रालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय स्थापित गर्ने । | वास्तविक क्षेत्रका कम्पनीहरुलाई सर्वसाधारणमा सेयर जारी गर्न बाध्यात्मक व्यवस्था गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयसँग आवश्यक पत्राचार गरिएको साथै धितोपत्र दर्ता निष्काशन नियमावली २०७३ को व्यवस्था अनुसार वास्तविक क्षेत्रका कम्पनीहरुलाई प्रिमियम (Free price with some cap)मा धितोपत्र निष्काशन गर्न गरिएको व्यवस्था अनुसार एक संस्थाको प्राथमिक निष्काशन स्वीकृत गरिएको । |

| क्र.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| ३ | ६.२.४ | बोर्ड २०७४ जेष्ठ २५ मा पच्चिसौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा रजत जयन्ती वर्षमा देहाय बमोजिमको कार्यक्रम गर्ने:<br>• धितोपत्र बजारको प्रवर्द्धन गर्न बजार सहभागीको सहभागितामा पुँजी बजार प्रदशनी (Capital Market Expo) आयोजना गर्ने,<br>• धितोपत्र बजारको नियमन तथा विकाससम्बन्धी अनुभव आदान प्रदान गर्ने उद्देश्यले IOSCO सँग मिलेर धितोपत्र बजार सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार आयोजना गर्ने,<br>• धितोपत्र बजार सम्बन्धी हुलाक टिकट प्रकाशन गर्ने,<br>• २५ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने,<br>• धितोपत्र बजारसम्बन्धी अनुसन्धानमूलक शोध, रचनालाई प्रोत्साहन गर्न SEBON Journal प्रकाशन गर्ने,<br>• धितोपत्र बजारको तथ्यांक नियमित रुपमा जानकारी गराउन Quarterly Securities Market Indicators को प्रकाशनलाई निरन्तरता दिने,<br>• पुँजी बजारसम्बन्धी लेख रचनालाई समावेश गरी प्रकाशन गरिने पुँजी बजार लेख विशेषाङ्कको प्रकाशनलाई निरन्तरता दिने,<br>• रु.५०,०००।- रकमको उत्कृष्ट आर्थिक पत्रकार छनौट गरी पुँजी बजार प्रत्रकारिता पुरस्कार हरेका वर्ष प्रदान गर्ने । | • धितोपत्र बजार प्रदर्शनी (Capital Market Expo) को २०७५ बैशाख २६ र २७ मा सम्पन्न गरिएको । उक्त प्रदर्शनीमा पूँजी बजारसम्बन्धी अधिकांश विषय वस्तु समिटिने गरी धितोपत्र बजार तथा बजार पूर्वाधार, मर्चेण्ट बैकिङ्ग सेवा तथा शाखा मूल्यांकन सेवा, धितोपत्र बजार सुधारका प्रयास एवं आगामी प्राथमिकता र धितोपत्र दलाल व्यवसाय सेवा विषयक शीर्षकमा चार प्राविधिक सत्रहरुको व्यवस्थापन तथा सञ्चालन गरिएको ।<br>• सेबोन जर्नलको तयारी तथा प्रकाशनका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा एक समिति गठन भई उक्त समिति मार्फत् प्राप्त लेखहरुको सम्पादन कार्य भैरहेको ।<br>• Quarterly Securities Market Indicators को चौथौ अङ्क प्रकाशन गरिएको । साथै पाचौं अंक प्रकाशनको अन्तिम चरणमा पुगेको ।<br>• २०७५ जेष्ठ २५ मा रजत बर्ष समापन तथा २६औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा पुँजी बजारसम्बन्धी लेख विशेषांक प्रकाशन गरिएको ।<br>• २६औं वार्षिकोत्सव कार्यक्रमको अवसरमा एक आर्थिक दैनिकलाई रु ५००००।– रकमको पूँजीबजार पत्रकारिता पुरस्कार प्रदान गरिएको ।<br>• बोर्डको रजत जयन्ती बर्षको अवसरमा रजत जयन्ती हुलाक टिकट प्रकाशन गर्ने कार्यक्रम अनुसार सो हुलाक टिकट प्रकाशनको लागि सिफारिश गरिदिन बोर्डबाट नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपाल सरकार सूचना तथा संचार मन्त्रालय, हुलाक सेवा विभागमा पत्र मार्फत् अनुरोध गरिएकोमा हुलाक सेवा विभागबाट टिकट प्रकाशन गर्न विभागको कार्यक्रममा समावेश गर्ने गरी समन्वय गरिएको । |
| ४ | ६.२.११ | धितोपत्र बजारका सरोकारवालाको क्षमता अभिबृद्धि गर्न, जनशक्तिको विकास गर्न, लगानी व्यवस्थापक तथा परामर्शदाताहरुको योग्यता प्रमाणित गर्न, लगानीकर्ताले पाउने सेवाको गुणस्तर र ज्ञानलाई प्रबर्द्धन गर्न, धितोपत्र बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम दिन, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धान गर्न तथा धितोपत्र बजारसम्बन्धी थिंक ट्यांकको विकास गर्न धितोपत्र बजार प्रशिक्षण संस्था (Securities Market Institute) को सम्बन्धमा पुँजी रु.१० करोडमा बोर्डको कम्तिमा ५१ प्रतिशत सेयर हुने गरी स्थापना गर्ने । | धितोपत्र बजार प्रशिक्षण प्रतिष्ठान स्थापना सम्बन्धमा अवधारण तयार गरी एशियाली विकास बैंकसँग आवश्यक समन्वयका लागि मिति २०७४।०८।०६ मा अर्थ मन्त्रालयमा पत्राचार गरिएको । |
| ५ | ६.२.२० | धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकरण भएका तर हाल संचालनको अवस्था अज्ञात रहेका कम्पनीहरुका साथै सूचीकरण खारेज भएका कम्पनीहरुको स्थितिको अध्ययन कार्य अगाडि बढाउने । | यस सम्बन्धमा अध्ययन कार्य अघि बढाइएको । |
| ६ | ६.२.२२ | IOSCO बाट समेत अनुरोध भए अनुसार अक्टोबर २-८, २०१७ मा विविध कार्यक्रम आयोजना गरी Investor Week मनाउने । | यस सन्दर्भमा पुँजी बजार सम्बन्धी अन्तरसम्बाद कार्यक्रम सञ्चालन तथा सचेतनामुलक सामग्रीहरुको प्रकाशन गरी मिति २०७४।०६।२२ देखि २०७४।०६।२८ सम्म Investor Week मनाइएको । |
| ७ | ६.२.२३ | विश्वविद्यालय तहमा हुने धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने । साथै, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न बोर्डको | • धितोपत्र बजार सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्न चालु आ.व.मा स्नातकोत्तर तथा एमफिलत तहका शोधहरुलाई पुरस्कृत गर्ने योजना तय गरिए अनुसार बोर्डको बार्षिकउत्सवमा ३ शोधपत्रलाई क्रमश रु ७००००, रु ४५००० र ३५००० राशीको पुरस्कार प्रदान गरिएको । |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| | | पुस्तकालयलाई व्यवस्थित गर्ने । | • बोर्डको पुस्तकालय व्यवस्थित गर्ने कार्य भैरहेको |
| ८ | ६.२.२४ | विश्वविद्यालय तथा विद्यालयको पाठ्यक्रममा धितोपत्र बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | • विश्वविद्यालय तथा विद्यालय स्तरको पाठ्यक्रममा धितोपत्र बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन निकायसँग आवश्यक छलफल भैरहेको । <br> • त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अर्न्तगत वित्तशास्त्र सम्बन्धी पाठ्यक्रममा थपघट तथा सुधार गर्न गठित समयमा बोर्ड अध्यक्षज्यूको सहभागिता भई आवश्यक सुझाव दिइएको । |
| ९ | ६.२.२५ | Municipal Bond निष्काशनसम्बन्धी आवश्यक व्यवस्था तथा ऋणपत्र र अग्राधिकार सेयर बजार विकासको लागि अवलम्वन गरिनुपर्ने प्रोत्साहनमूलक नीतिका सम्बन्धमा अध्ययन गर्ने । | यस सम्बन्धी आवश्यक अध्ययन सामग्रीहरु संकलन भैरहेको । |
| १० | ६.२.३० | धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र (मार्जिन ट्रेडिङ्ग, धितोपत्र व्यापारी सेवा) विस्तार सम्बन्धमा अध्ययन गर्ने । | नेपाल स्टक एक्सचेञ्ज लि.बाट तयार भएको मार्जिन कारोबार सम्बन्धी कार्यविधि कार्यान्वयन सम्बन्धमा मिति २०७५।०२।०४ मा नेप्सेलाई निर्देशन दिइएको |
| ११ | ६.२.३४ | धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यक नीति नियममा राय सल्लाह लिन यससँग सम्बद्ध तथा जानकार अर्थशास्त्री र विज्ञहरुलाई संलग्न गराई अर्न्तकृया कार्यक्रम संचालन गर्ने । | धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यक नीति नियममा राय सल्लाह लिन यससंग सम्बद्ध तथा जानकार अर्थशास्त्री र विज्ञहरुसंग मिति २०७५।०२।२७ मा अर्न्तकृया कार्यक्रम सम्पन्न गरिएको । |
| १२ | ६.३.१४ | धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा र धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकता अनुसार नेपाल सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने । | यस सम्बन्धमा आवश्यक राय तथा सुझाव नेपाल सरकारमा निरन्तर रुपमा प्रस्तुत गर्ने गरिएको । |
| १३ | ६.३.१५ | बोर्डको वार्षिक कार्यक्रम तयार गर्ने र सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने । | आ.व. २०७४।७५ को दोस्रो चौमासमा बोर्डको कामकारवाहीहरुको पुनरावलोकन गर्ने क्रममा उक्त अवधिको प्रगति विवरण तयार गरी बोर्डको छलफलको लागि पेश गरिएको साथै वार्षिक (तेस्रो चौमास)को प्रगती विवरण तयार हुने प्रकृयामा रहेको । |
| १४ | ६.३.१६ | पुँजी बजार सम्बन्धी विभिन्न सूचना तथा जानकारीहरु प्रवाह गर्न देहाय अनुसारका सामाग्रीहरु प्रकाशन गर्ने: <br> (क) बोर्डको वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली), <br> (ख) नेपाल धितोपत्र बोर्ड समाचार । | • आ.व. २०७३।७४ को वार्षिक प्रतिवेदन (नेपाली) र आ.व. २०७२।७३ को वार्षिक प्रतिवेदन (अङ्ग्रेजी) प्रकाशन गरिएको । <br> • नेपाल धितोपत्र बोर्ड समाचार, अङ्क १६ (चैत्र–बैशाख) प्रकाशन भएको, साथै अङ्क १७ (जेठ–आषाढ)को समाचार सम्पादन गर्ने कार्य अन्तिम चरणमा रहेको । |
| १५ | ६.३.१७ | धितोपत्र बजारसम्बन्धी नीति निर्माणमा सहयोग हुने उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी तथा अध्ययन भ्रमण कार्यक्रमहरुमा बोर्डका पदाधिकारीहरुलाई र धितोपत्र बजार नियमनसम्बन्धी शीप तथा दक्षता अभिवृद्धिका लागि बोर्डका कर्मचारीहरुलाई उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउने । | • यस सम्बन्धमा बोर्डका पदाधिकारी एवं कर्मचारीलाई अन्तर्राष्ट्रिय नियमनकारी निकाय आइएस्को, युएससेक, एपेक, एडिबी, आइएफआई जस्ता निकायहरुले आयोजना गरेका कार्यक्रमहरुमा सहभागी गराइएको । <br> • त्यसैगरी आइक्यान, म्यान, नेपाल राष्ट्र बैंक जस्ता संस्थाहरुले आयोजना गरेको बोर्डलाई उपयोगी हुने स्वदेशमा आयोजित कार्यक्रम तथा सेमिनारहरुमा बोर्डका कर्मचारीहरुलाई सहभागी गराइएको । |
| १६ | ६.३.१८ | धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताको सचेतनाको स्तर अभिबृद्धि गर्न विभिन्न संचार माध्यमबाट चेतनामूलक सन्देशहरु प्रवाह गर्ने । | • यस सम्बन्धमा चेतनामूलक सामग्रीहरु पत्रपत्रिका तथा अनलाइन पोर्टलहरुमा प्रकाशन गरिदै आएको । <br> • नेपाल धितोपत्र बोर्ड एक परिचय (नेपाली र अंग्रेजी संस्करण), पुँजी बजार साक्षरतासम्बन्धी पुस्तक, धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी बरम्बार सोधिने प्रश्नहरु लगायतका पुस्तकहरु प्रकाशन गरिएको । |

| क.सं | बुँदा नं. | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रथम एघार महिनाको प्रगति विवरण |
|---|---|---|---|
| १७ | ६.३.२० | धितोपत्र बजारसम्बन्धी तथ्याङ्क संकलन व्यवस्थित गर्न केन्द्रीय तथ्याङ्क बैंकलाई परिष्कृत गरी नियमित रुपमा अद्यावधिक गर्ने । | यस सम्बन्धमा तथ्याङ्क अद्यावधिक गर्ने कार्य भैरहेको । |
| १८ | ६.३.२१ | पुँजी बजार सम्बन्धी सूचनाहरु प्रभावकारी ढंगले सम्प्रेषण गर्न बोर्डको webpage लाई बढी सूचनामूलक तथा स्तरीय बनाई User Friendly बनाउने । | बोर्डको सूचना प्रवाहलाई थप व्यवस्थित गरिएको तथा बोर्डको वेवसाइटमा बोर्डका सम्पूर्ण गतिविधिको जानकारी शिघ्र प्रवाह गरिदै आएको । |
| १९ | ६.३.२२ | २५ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने | सर्वसाधारणमा पुँजी बजार सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै प्रशिक्षित गर्नका लागि बोर्डले हालसम्म देशका विभिन्न भागहरुमा हालसम्म २२ जिल्लाका विभिन्न ठाउँहरुमा कुल ३१ वटा लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममार्फत् बोर्डले करिब ४००० भन्दा बढी सर्वसाधारणलाई प्रशिक्षित गरेको छ । |
| | | अन्य कार्य | **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ लागू**<br>बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम धितोपत्र व्यवसायमा संलग्न सबैलाई जिम्मेवार बनाई सम्पत्ती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई निरुत्साहित तथा नियन्त्रण गर्ने उद्देश्यले बोर्डले "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४" जारी गरेको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐनमा संशोधन भएका महत्वपूर्ण व्यवस्थालाई समेटी बोर्डले सम्पत्ती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ लाई प्रतिस्थापन गर्दै उक्त निर्देशिका मिति २०७४ चैत २९ मा जारी गरेको हो । यस निर्देशिकाले मुख्यत: नियमन निकायलाई थप जिम्मेवार र अधिकार प्रदान गरेको छ ।<br><br>**इन्टरनेट मार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था**<br>बोर्डले २०७५ साल वैशाख २ मा धितोपत्रको खरिद बिक्री आदेश इन्टरनेटमार्फत् पनि गर्न सकिने व्यवस्था गरेको छ । लगानीकर्ताको हितलाई दृष्टिगत गरी धितोपत्रको कारोबार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो, छरितो र लगानीकर्ता मैत्री बनाउन तथा धितोपत्र दलाल व्यवसायीको कार्यालयमा रहने कारोबार सम्बन्धी अभिलेखलाई अझ व्यवस्थित र सुदृढ गर्न हाल उपयोग गरिरहेको ब्रोकर ब्याक अफिस सफ्टवेरमा इन्टरनेटमार्फत प्राप्त धितोपत्र कारोवार गर्न खरिद बिक्री आदेश दिने व्यवस्था गरेको हो ।<br><br>**गैरकानूनी ढंगबाट धितोपत्र सार्वजनिक निष्काशन नगर्न तथा सोमा लगानी नगर्न सचेत गराएको**<br>धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ ले संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने स्पष्ट व्यवस्था गरेकोमा कतिपय जलविद्युत कम्पनीहरुले बोर्डमा दर्ता नगरी सेयरमा लगानी गर्न सार्वजनिक रुपमा सूचना प्रकाशित गरेका पाइएकोले यस सम्बन्धमा बोर्डले आफ्नो गम्भिर ध्यानाकर्षण गर्दै धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा नगरी सर्वसाधारण समक्ष धितोपत्र विक्री गर्ने कार्य गैरकानूनी भएकोले बोर्डमा दर्ता गरी विवरणपत्र प्रकाशन गरेर मात्र धितोपत्रको सार्वजनिक निष्काशन गर्न सम्बन्धित सम्पूर्ण संगठित संस्थाहरुलाई मिति २०७४ चैत १९ मा सूचित गरेको छ । |

***

# नेपाल धितोपत्र बोर्ड

## सुपरिवेक्षण तथा अनुसन्धान विभाग

### नीति, अनुसन्धान तथा योजना महाशाखा

पो. ब. नं. ९०३१, जावलाखेल, ललितपुर
फोन नं. ०१-५५४१०५७, ५०००१०२/१६२/१०२/२०१/१०७
फ्याक्स नं. ९७७-१-५५४१०५८
ई-मेल ठेगाना नं.: support@sebon.gov.np
वेबसाइटः www.sebon.gov.np
टोल फ्री नं. १६६०-०१-४४४३३